मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

लगानी विविधीकरण कोषको मुख्य 'एजेन्डा'



संवाद पृष्ठ ७ मा

● वर्ष २ ● अंक ३०७ ● २०८१ साल असोज १० गते बिहीबार ● Thursday 26, September 2024 ● सूर्योदयः बिहान ५:५५ बजे ● सूर्यास्तः साँझ ५:५८ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## प्रशासकीय प्रमुखको मिलोमतोमा अनियमितता भएपछि तालाबन्दी






**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको धनौजी गाउँपालिकाका प्रशासकीय अधिकृत सन्तोषकुमार शर्मालाई कारबाही माग गर्दै नागरिक समाजका अगुवाले गाउँपालिकामा तालाबन्दी गरेका छन् । उनीहरुले प्रशासकीय अधिकृत शर्माको मिलोमतोमा पालिकामा अनियमितता भएकाले कारबाही माग गर्दै तालाबन्दी गरेका हुन् ।

आर्थिक वर्ष २०८०–८१ को आम्दानी–खर्च विवतरण शीर्षकसहित सार्वजनिक गर्न, गैरकानूनी तरिकाले नियुक्त गरिएका राजनीतिक कार्यकर्ताको नियुक्ति खारेज गर्र्न, हरेक योजना तथा कार्यक्रममा २० देखि ४० प्रतिशत कमिसन लिने काम बन्द गर्न, गाउँपालिकको भौतिक विकासमा लगानी नगरी तालिम गोष्ठीमा करोडौँ रकम खर्च गरी भ्रष्टाचार बन्द गर्न माग गरे । यस्तै, कर्मचारी तथा पदाधिकारीलाई पेट्रोल, डिजेल, खानेपानी तथा पत्रपत्रिका वितरण व्यवस्थापन नै नगरी करोडौँ रकम हिनाहिनाको छानबिन, गाडी मर्मतमा भएको ३० लाख रुपैयाा भन्दा बढीको भ्रष्टाचारको छानबिन, गैरसरकारी संस्थाको कार्यक्रम फेज आउट भए पनि गाउँपालिकाको विकासी बजेटबाट तलब भत्ता खुवाउने कार्य बन्द गर्न माग गरे ।

नागरिक समाजका अगुवा जितेन्द्र मण्डलले आफूहरुले पटकपटक यस विषयमा पालिकाको ध्यानाकर्षण गराउँदासमेत कुनै सुनवाइ नभएपछि बाध्य भएर तालाबन्दी गरेर आन्दोलनमा उत्रनु परेको जानकारी दिए । उनले अधिकृतको सरुवा भइसक्दासमेत समेत मोटो रकमको चलखेल गराएर सरुवा थमौती गराएर आएको आरोप लगाउँदै पालिकामा ३ देखि ४ करोड रुपैयाँ अनियमितता भएको र त्यसलाई ढाकछाप गर्न फेरि अधिकृत शर्माको थमौती गराइएको आरोप लगाए ।

## पाँच दिनदेखि नाकाबन्दीमा दलित बस्ती

**रामभरोसी यादव**
**सिरहा ।**
नरहा गाउँपालिका वडा नम्बर १, गौराहा मुसहरबस्ती वरपरका जग्गाधनी वडा नम्बर २ पानबारीका भदैया भनिने रामचलित्तर यादवको नाकाबन्दीमा परेको छ । यादवले सिंगो बस्ती नाकाबन्दी गरेर समाजमा सामन्तवाद अझै जिउँदै छ भन्ने देखाएका छन् । नाकाबन्दीपछि ५० घरपरिवार मुसहर सदाय बस्ती विलखबन्दमा परेको छ ।



बस्तीका धेरै घरमा शौचालय नभएकाले शौच जानसमेत नपाउँदा समस्या खेपिरहेका छन् । बस्तीको तीनतिर यादवको जमिन रहेकाले उनले सबै बाटोमा बाँस, काँडाले घेराबेरा गरेर मुसहर बस्तीलाई जेलमा हालेजस्तो गर्दा पनि जान्नेसुन्नेहरु मौन छन् ।

जनता तनावमा छन् । भदैया यादवको धानखेत गोडमेल नगरेको र धान रोप्न मजदुरीमा मुसहर समुदाय नआएपछि तारबार गरेर बस्तीलाई नाकाबन्दी गरिएको हो । धान रोप्न र गोडमेलका बेला काममा जान अटेरी गरेको, समयमा नगएको र भनेको नमानेको भन्दै गालीगलौज, कुटपिट र बस्ती वरपरका सबै बाटो बन्द गरिएको हो ।

भदैया यादवका छोरा महेशले खेतमा पानी बगाएको भन्दै बस्तीका दुई वटा चापाकलको ह्याण्डलसमेत खोलेर लगेको ७१ वर्षीय जोगिया सदायले बताए । यादवले बेलाबेलामा उनीहरुलाई दुःख दिइरहेका थिए । अहिले पनि काम गर्न नआएको भन्दै गालीगलौज, कुटपिट र नाकाबन्दी गरेका हुन् । मुसहर समुदाय भने यादवकहाँ काममा जाँदा अरुका तुलनामा ज्याला कम पाइने बताउँछन् । त्यसैले उनीहरु अरुकहाँ नै मजदुरी गर्न रुचाउँछन् । ३१ वर्षीया सोनावती सदायका अनुसार, यादव परिवारले बेलाबेला उठिबास लगाउने, धम्की दिने, काममा नजाने भन्दै गालीगलौज गर्ने र काममा जाँदा पनि चलेको भन्दा कम ज्याला दिने गरेका थिए । यादवले चारैतिरको जमिन मेरो हो, तिमीहरु बसेको बस्ती पनि मेरै हो भन्दै भनेजस्तो नमाने उठिबास लगाइद दिने धम्की लगातार दिइरहेका छन् ।

जोगिया सदायका अनुसार, उनीहरु जङ्गल फँडानी गरेरै बसेका हुन्, यो जग्गा कुनै सामन्तको दानकृपामा मिलेको होइन । गाउँ ब्लकको जमिन हो । तर, यादव उनीहरुलाई नाकाबन्दी मात्र होइन, केहीदिनमै उठिबास लगाउने धम्की दिइरहेका छन् । वडाअध्यक्ष अशोक महतो बस्ती घेराबन्दीमा परेको जानकारी पाएपछि बस्ती पुगेका थिए । उनले दलित बस्ती नै जग्गाधनीको कर्तुतले मर्कामा परेको बताए । वडाअध्यक्ष महतोले दलित बस्तीको समस्या समाधान गर्न आफ्ना तर्फबाट सबैखालको सहयोग गर्न आफू तत्पर रहेको बताए ।

स्थानीय समाजसेवी विष्णुदेव यादवले जग्गा धनी यादवले प्रत्येक वर्ष यहाँका सदायलाई दुःख दिँदै आएको बताए । उनले चलनको दरभन्दा कम पारिश्रमिक दिने, जबर्जस्ती काम गर्न लगाउने र नगरे दुःख दिने गर्दै आएको बताए । उनले भदैया यादवका प्रवृत्ति नै यस्तै भएको बताए । गरिबलाई दुःख दिने, कामको कम ज्याला दिने, बेलाबेला उठिबास लगाउने धम्की दिने काम भइरहेको बताए ।

उनीहरुलाई दुःख दिँदा पनि प्रहरीप्रशासन र स्थानीय सरकारले कुनै चासो देखाएको छैन । जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी डिएसपी मुक्तिनाथ सापकोटा यस्तो गम्भीर अपराधका विषयमा अहिलेसम्म आधिकारीक जानकारी नआएको बताउँछन् । उनले इलाका प्रहरी कार्यालयलाई जानकारीका लागि पठाइएको बताए ।

जिल्ला प्रशासन कार्यालय सिरहाका सहायक जिल्ला प्रमुख अधिकारी रवीन्द्र महतले स्थानीयसँग समन्वय गरेर बुझ्ने र गरिब तथा दलितलाई नाकाबन्दीमा पारिएको भए तत्काल आवश्यक कारबाही गरिने बताए ।

## सबैको भावना समेटेर संविधान संशोधनः देउवा




**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले देश सम्पूर्ण जातजाति, भाषाभाषी, आदिवासी, जनजातिको साझा घर भएको हुँदा सबैको अधिकार समेट्ने गरी संविधान संशोधन गरिने बताएका छन् । वीरगंज महानगरपालिका वडा नम्बर २४ मा निर्माण गरिएको आत्माराम ओझा–दुखा सहनी स्मृति भवन तथा नेपाली कांग्रेस पर्साको पार्टी कार्यालय भवनको बुधबार उद्घाटन गर्दै आत्माराम ओझा र दुखा सहनीको योगदानका कारण मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा प्रवेश गरेको दाबी गरे ।

उनले पर्सा जिल्ला ऐतिहासिक जिल्ला भएको र सहिद थिर बम मल्ल, तेज बहादुर अमात्य जस्ता सपूतले सहादत प्राप्त गरेको भूमि भएको बताउँदै पर्साको विकासले समग्र मधेशको प्रतिनिधित्व गर्ने हुँदा कांग्रेस कार्यकर्ता ऐक्यबद्ध भएर अगाडि बढ्न आग्रह गरे । सभापति देउवाले मुलुकले सडक, यातायात, शिक्षा र स्वास्थ्य क्षेत्रमा ठूलो फड्को मारेको बताउदै अब आर्थिक समृद्धितर्फ सबै जुट्नु पर्ने बेला आएको दाबी गरे ।

कार्यक्रममा कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्री अजय चौरसियाले संघीय गणतन्त्रात्मक लोकतन्त्रिक व्यवस्थाका कारण मुलुकमा तीन तहको सरकारले जनभावनाअनुरुप काम अगाडि बढाइरहेको दाबी गर्दै सबैलाई अधिकारसम्पन्न गर्न अझै बाँकी रहेको हुँदा त्यसका लागि संविधान संशोधन गरिने बताए । उनले नेपाली कांग्रेस एक भएर अगाडि बढेको खण्डमा कांग्रेसलाई कुनै शक्तिले नरोक्ने दाबी गर्दै तीनै तहको सरकार कांग्रेसको नेतृत्वमा बन्ने बताए ।

कार्यक्रममा नेपाली कांग्रेसका सहमहामन्त्री फरमुल्लाह मन्सुरले प्रजातन्त्रका लागि आत्माराम ओझा र दुःखा सहनीले १७–१७ बर्ष जेल बसेर देखेको सपना पूरा गर्ने बेला आएको बताउँदै संविधान संशोधनमार्फत पछाडि परेको वर्ग, समुदाय, जाति, जनजाति, मधेशी, थारु, आदिवासी, मुस्लिमको अधिकार पूरा गर्नु पर्नेमा जोड दिए । कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य रमेश रिजालले मुलुकलाई आर्थिक समृद्धिको दिशामा अगाडि बढाउनु पर्नेमा जोड दिँदै अबको लडाइँ अशिक्षा, गरिबी र बेरोजगारीविरुद्ध भएको बताए । उनले मुलुकमा आर्थिक समृद्धि गर्न नसक्दा जनतालाई भ्रम छर्न केही नयाँ पार्टी लागिपरेको बताउँदै उनीहरुको भ्रम चिर्न कांग्रेसले जनताको घरदैलोमा पुग्नु पर्ने कुरामा जोड दिए । मुलुकको आर्थिक समृद्धिसँगै पार्टीको नेतृत्व नयाँ पुस्तालाई हस्तान्तरण गरिनेसमेत बताए । नेपाली कांग्रेस पर्साका सभापति एवम् प्रदेशका भूमि, व्यवस्था कृषि तथा सहकारीमन्त्री जनाद्र्धन सिंह क्षेत्रीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाली कांग्रेसका नेता आनन्द ढुंगाना, अनिल रुगटा, श्याम पटेल, शंकर चौधरी, नगिना यादवलगायतले बोलेका थिए । १ करोड २९ लाख रुपैयाँको लागतमा निर्माण गरिएको पार्टी कार्यालय भवन तीन तलाको छ । पहिलो तलामा कार्यालय र दोश्रो तलामा सभाहल निर्माण गरिएको नेपाली कांग्रेस पर्साका उपसभापति रामनारायण कुर्मीले बताए । कार्यक्रम सहजीकरण पार्टी सचिव इम्तियाज आलमले गरेका थिए ।

## मुख्यमन्त्री बस्ने कुर्सी नै फोहर




**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले आफ्नो सरकारको एकसय दिनको उपलब्धी सार्वजनिक गर्न जनकपुरधामको मसला कटेजमा कार्यक्रममा पुगेका थिए । निर्धारित समय भन्दा निकै ढिलो गरी पुगेका उनी बस्न मञ्चमा पुगेका थिए । तर मुख्यमन्त्री बस्न राखिएको कुर्सी निकै फोहोर थिए । मुख्यमन्त्रीले कुर्सी नै फोहर देखेपछि केही दिन बस्न अक्मकाएका थिए । पछि कुर्सी सफाइ गर्न लगाएर बसेका थिए । कुर्सी सफामा समय लागेसम्म मुख्यमन्त्री उभिएका थिए । कार्यक्रम व्यवस्थापन निकै फितलो देखिएको थियो । मन्त्रीहरु कार्यक्रममा थिएनन् भने सचिवसमेत थोरै मन्त्रालयका मात्र थिए । होटलमा १ सय भन्दा बढी कुर्सी थिए । तर अधिकांश खाली थिए ।जनकपुरधामका होटेल अतिथि सत्कारमा गम्भीर नरहेको भनेर बारा र पर्साका सांसदले संसदमा आवाज उठाएपछि होटल सञ्चालकले चर्को विरोध गरेका थिए । तर सत्कारमा गम्भीरता नदेखाएका कारण मुख्यमन्त्री बस्ने कुर्सीमा समेत फोहोर देखिएको थियो ।

## कार्यकर्ता जनतामा पुग्न देउवाको निर्देशन

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले मधेश नेपाली कांग्रेसको आधार क्षेत्र भएको हुँदा जनताको घर दैलोमा पुग्न नेता कार्यकर्तालाई निर्देशन दिए ।

वीरगंजमा मधेश प्रदेशका ८ वटै जिल्लाका पार्टी सभापति, निर्वाचित सांसद, प्रदेश सभा सदस्य, प्रदेश कमिटीका सभापति एवम् पदाधिकारी, संघीय तथा प्रदेशमा मधेशको नेतृत्व गर्ने मन्त्रीहरु, मधेशका पार्टीका उच्च तहका नेताहरुसँगको भेटमा सभापति देउवाले मधेशमा कांग्रेस कमजोर बन्दा यसको प्रभाव केन्द्रमा पर्ने बताए ।

उनले आपसी मतभेद, गुटउपगुट त्यागेर कांग्रेसलाई एक ढिक्का बनाएर अगाडि बढे काग्रेसको जित कसैले रोक्न नसक्ने बताउँदै आगामी निर्वाचनमा कांग्रेसलाई सशक्तरुपमा अगाडि बढाउन अहिलेदेखि नै प्रयास गर्नु पर्नेमा जोड दिए ।

नेताहरुले पार्टीभित्र एकले अर्कालाई सिध्याउने खेलले कांग्रेस कमजोर बन्दै गएको र निर्वाचनमा अन्तर्घात गर्ने, विपक्षीसँग साँठगाँठ गर्ने नेतालाई कारबाही गर्नु पर्ने माग गरे । नेपाली कांग्रेस मधेश प्रदेश समितिको आयोजनामा बुधबार बिहान ९ बजेदेखि शुरु भएको भेटघाट तथा अन्तरक्रिया कार्यक्रम ३ बजेसम्म भएको थियो ।

कार्यक्रममा आगामी निर्वाचनलाई दृष्टिगत गरी गाउँगाउँमा स्थानीय तहबाट भएको सेवाप्रवाहको अवस्था, विकास निर्माण, समुदायस्तरमा भएका सकारात्मक प्रयास, उपलब्धी र सुधार गर्नुपर्ने विषयमा जिल्लातहबाट नीतिगतरूपमा पहलकदमी लिने, भ्रातृ, शुभेच्छुक सङ्गठनलाई सक्रिय बनाउने, जनताका गुनासो घरदैलोमै पुगेर बुझ्ने र समाधान गर्ने विषयमा छलफल भएको नेपाली कांग्रेस बाराका युवा नेता लोकेश सिंहले जानकारी दिए ।

## 'उद्योगीव्यापारी गुनासो मात्रै गर्छन्'

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेसका सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले सबल अर्थतन्त्रबिना मुलुकले समृद्धि हासिल गर्न नसक्ने हुँदा निजी क्षेत्रसँग सहकार्य गरेर सरकार अगाडि बढ्ने दाबी गरेका छन् ।

वीरगंजका उद्योगी व्यवसायीसँग भएको छलफल तथा अन्तरक्रियामा सभापति देउवाले अर्थतन्त्रको मेरुदण्डका रुपमा रहेको निजी क्षेत्रका समस्या समाधान नभई मुलुकको अर्थतन्त्र सबल बन्न नसक्ने बताए ।

उनले स्वदेशमा उद्योग, कलकारखाना सञ्चालन गरी बढी भन्दा बढी रोजगारी सृजना गर्न उद्योगी व्यवसायीलाई आग्रह गर्दै विदेश पलायन भइरहेको नेपाली जनशक्तिलाई स्वदेशमै रोजगारी दिएर मुलुकलाई समृद्धिको दिशामा अगाडि बढाउनु अहिले सबैको दायित्व र जिम्मेवारी भएकामा जोडदिए ।

सभापति देउवाले उद्योगीव्यवसायीले सधैँ समस्या मात्रै उठाइरहने र समाधानमा केन्द्रित नहुने गरेको गुनासो गर्दै समस्या समाधानसँगै देशको अर्थतन्त्र कसरी बलियो बनाउन सकिन्छ, त्यसतर्फ कदम चाल्न उद्योगी व्यवसायीलाई आग्रह गरे ।

पूर्वप्रधानमन्त्रीसमेत रहको सभापति देउवाले वीरगंज मुलुकको अर्थतन्त्रको केन्द्रको रुपमा रहेको र मुलुकको बढी राजस्व वीरगंजबाटै उठ्ने हुँदा वीरगंजको विकास समृद्धिसँगै यस क्षेत्रका उद्योग, कलकारखानाका समस्या समाधानप्रति सरकारको ध्यान केन्द्रित गराउने प्रतिबद्धता व्यक्त गरे । वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष अनिलकुमार अग्रवालको अध्यक्षतामा सम्पन्न छलफल तथा अन्तरक्रियामा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य डा.सुबोध गुप्ता, वीरगंज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष ओमप्रकाश शर्मा, अशोक वैद्य, प्रदीप केडिया, अनिल रुगटा, वीरगंज उद्योग वाणिज्य संघका उपाध्यक्ष माधव राजपाललगायत वीरगंज उद्योग वाणिज्य संघका पदाधिकारी तथा वीरगंजको उद्योगी व्यवसायीको सहभागिता थियो ।

कार्यक्रममा उद्योगी व्यवसायीले बैंकको चर्को व्याजदर, विद्युत्को समस्या, निजीक्षेत्रलाई राज्यले उपलब्ध गराउनुपर्ने सहुलियत उपलब्ध नगराएकामा गुनासो व्यक्त गरे ।

# ‘प्रकृति र संस्कृतिको बजारीकरण आवश्यक’



*‘हाम्रो पर्यटन राजधानी घोषणा यहाँको ब्राण्डिङ पनि हो, पोखरासँगै समग्र गण्डकी प्रदेशलाई हामीले समेटेर अघि बढेका छौँ ।’*

**गण्डकी ।**
संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले नेपालको प्रकृति र संस्कृतिको विश्व पर्यटन बजारमा बजारीकरण आवश्यक भएको बताएका छन् । उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेशको आयोजनामा आयोजित पोखरा पर्यटकीय राजधानी नीति संवाद कार्यक्रमलाई सम्बोधन गर्दै उनले नेपाल विविधतापूर्ण प्रकृति र संस्कृतिको खुला सङ्ग्रहालय रहेको बताए ।

पोखरा पर्यटन राजधानी घोषणा भइसकेको अवस्थामा यसको साार्थकता पुष्टि हुनेगरी पर्यटकीय प्रवद्र्धन र विकास जरुरी रहेको बताउँदै उनले देशकै केन्द्र भागमा रहेको यहाँको पर्यटनले देशको समृद्धिमा विशिष्ट योगदान गर्ने धारणा राखे ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पर्यटन राजधानीको दायरा पोखरामात्र नभई फराकिलो रहेको बताए । उनले भने, ‘हाम्रो पर्यटन राजधानी घोषणा यहाँको ब्राण्डिङ पनि हो, पोखरासँगै समग्र गण्डकी प्रदेशलाई हामीले समेटेर अघि बढेका छौँ ।’

लुम्बिनी प्रदेशका उद्योग, पर्यटन तथा यातायातमन्त्री प्रचण्ड विक्रम न्यौपानेले पोखरा विशेष पर्यटकीय सहरका रुपमा स्थापित बनिसकेको बताउँदै यसको सुन्दरतालाई जोगाउनुपर्ने बताए । कर्णाली प्रदेशका उद्योग, पर्यटन तथा यातायातमन्त्री सुरेश अधिकारीले भगवान्ले फुर्सदमा बनाएको शहर पोखरा देशकै गौरव र सान भएको बताए । सुदूरपश्चिम प्रदेशका उद्योग, पर्यटन वन तथा वातावरणमन्त्री लक्ष्मणकिशोर चौधरीले पोखरा आउने राजमार्गको चाँडो स्तरोन्नतिसँगै पोखरा धनगढी सिधा उडानको आवश्यकता औँल्याए ।

कोशी प्रदेशका पर्यटन, वन तथा वातावरणमन्त्री सदानन्द मण्डलले पर्यटकीय विकासमा सहकार्य गर्दै अघि बढ्नुपर्नेमा जोड दिँदै कोशी प्रदेशले विसं २०८२ लाई भ्रमण वर्ष घोषणा गर्न लागेको जानकारी दिए । गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री मित्रलाल बस्यालले पोखरा पर्यटन राजधानी घोषणा भइसकेको अवस्थामा यसको प्रवद्र्धन र विकासलाई उच्च प्राथमिकतामा राखिएको बताए ।

कार्यक्रममा पोखरा पर्यटन परिषद्का तर्फबाट वासु त्रिपाठीले पर्यटकीय राजधानी र हाम्रो दायित्व, पोखरा महानगरपालिका पर्यटन विकास समितिका तर्फबाट रविन्द्रराज पौडेलले पोखरा पर्यटन विकास, एक परिकल्पना, गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटाले ‘पोखरा पर्यटनको राजधानी’ विषयक कार्यपत्र प्रस्तुत गरे ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी, टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्य, गुरुङ पर्यटन व्यवसायी सङ्घ गण्डकीका अध्यक्ष बोबरजङ्ग गुरुङ, नाट्टा गण्डकी प्रदेशका अध्यक्ष किशोर दहाल, भिटोफ गण्डकीका अध्यक्ष शोभा सापकोटा, प्राज्ञ नगेन सिंहलगायतले पर्यटन प्रवद्र्धन र विकासबारे सुझाव दिएका थिए । रासस

# मुख्यमन्त्री सिंहद्वारा सय दिनको उपलब्धी सार्वजनिक




**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले सरकार गठन भएको सय दिनको उपलब्धी सार्वजनिक गरेका छन् । पत्रकार सम्मेलनमा मुख्यमन्त्री सिंहले आधारभूत समस्या र त्यसबाट उत्पन्न परिणाम एवम् समाधानका उपायबारे गहिरो अध्ययन गरी प्रदेशको प्रशासकीय सुधार, सुशासनको प्रत्याभूति, समृद्धि, सन्तुलित एवम् आत्मनिर्भर मधेशका लागि तीव्रतर र परिणाममुखी काममा जोड दिएको जानकारी दिए ।

उनले प्रदेशबासीमा मौजुदा प्रदेश सरकारप्रति गहिरो विश्वास र अपूर्व भरोसा कायम भएको बताउँदै कुनै न कुनै पक्ष वा कोणबाट सङ्घीयताप्रति गरिने नकारात्मक टिप्पणी वा गलत तथा भ्रामक भाष्य निर्माणको दुष्प्रयास पनि प्रदेश सरकारप्रति बढ्दो जनविश्वास, अपेक्षा र उत्साहका कारण निस्तेज भइरहेको जानकारी दिए । मुख्यमन्त्री सिंहले प्रदेश लोकसेवा आयोगमा रिक्त अध्यक्ष र एक सदस्य नियुक्त गरी आयोगलाई पूर्णता दिएको बताउँदै आयोगले प्रदेश सरकारका लागि जनशक्ति व्यवस्थापनको कार्य द्रुत गतिमा अगाडि बढाएको जानकारी दिए ।

मुख्यमन्त्री सिंहले संवैधानिक अस्पस्टता, सङ्घीय कानून निर्माण नहुनु तथा विद्यमान कानून कार्यान्वयनका समस्या र अत्यावश्यक विषयमा प्रादेशिक कानूनसमेतको अभावले प्रदेश सरकारका काम प्रभावित भइरहेको स्थिति रहेको जानकारी दिए । उनले चुरे, भावर तथा तराई क्षेत्रको पारिस्थितिकीय प्रणाली र जैविक विविधता संरक्षणलगायतका कार्यलाई थप व्यवस्थित एवम् प्रभावकारी बनाउन प्रदेशका थप दुई ठाउँहरू भू तथा जलाधार कार्यालय स्थापना गरिएको जानकारी दिए ।

प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रमअन्तर्गत विश्व बैंकको सहयोगमा धनुषाको हंसपुर नगरपालिका र महोत्तरीको सोनमा गाउँपालिकालाई पक्की सडक सञ्जालसँग जोड्न २५ किलोमिटर प्रादेशिक कालोपत्रे सडकका लागि बोलपत्र आह्वान भएको जानकारी गराए । उनले मुख्यमन्त्री सिंहले शिक्षा नीति तथा नमूना विद्यालय विकास तथा सञ्चालन निर्देशिकाको काम अन्तिम चरणमा पुगेको जानकारी दिए ।

मुख्यमन्त्री सिंहले सरकारको सय दिनको अवधिमा मधेश प्रदेशसभाबाट सालवाशी विधेयकबाहेक प्रदेश खेलकूद विकास सम्बन्धमा बनेको विधेयक, प्रदेश बालिका संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरू सम्बन्धमा बनेका विधेयक र प्रदेश यातायात तथा सवारी व्यवस्थापन विधेयक गरी चारवटा विधेयक पारित भएको बताए ।

उनले केही अत्यावश्यक र महत्वपूर्ण विधेयक प्रदेशसभाका विभिन्न विषयगत समितिमा छलफलमा रहेका र केही विधेयकको मस्यौदा तयार भई प्रदेश सभामा पठाउने प्रक्रिया अघि बढाइएको जानकारी दिए । उनले प्रदेश वन ऐनलगायत विभिन्न ऐन संशोधनका लागि मस्यौदा तयार भइसकेको, केही ऐनका नियमावली मस्यौदा अन्तिम चरणमा रहेको र सरकारले गर्ने कामकाजसँग सम्बन्धित कार्यविधि, निर्देशिका तथा मापदण्डहरू बनाउने काम पूरा भइसकेको बताए ।

उनले मधेश स्वास्थ्यविज्ञान प्रतिष्ठानलाई एमबिबिएस अध्ययनअध्यापन अनुमति दिइएको र चिकित्सासेवा आयोगले प्रतिष्ठानमा एमबिबिएस पठनपाठनका लागि ५० सिट स्वीकृत गरेको भन्दै एमबिबिएसलगायत जन तथा चिकित्सा शिक्षा सञ्चालन गर्न स्रोत सुनिश्चित गरी प्रतिष्ठान अन्तर्गतको प्रादेशिक अस्पताल जनकपुरधाममा तीनसय बेड थप गरिएको बताए । उनले भने, ‘यसले प्रादेशिक अस्पतालबाट प्रवाह हुने सेवा विशिष्टीकृत तथा गुणस्तरीय हुनेछ ।’

मुद्दा अनुसन्धान तहकिकात र दायर गर्ने व्यवस्था गर्न प्रदेश वन ऐन २०७७ मा संशोधन गर्न यो ऐनको संशोधन मस्यौदा तयार भई अन्तिम चरणमा पुगेको मुख्यमन्त्री सिंहले जानकारी दिए । प्रदेशका विभिन्न ठाउँमा अतिक्रमित वनक्षेत्रको पहिचान गरी अतिक्रमणमुक्त बनाउने र त्यस ठाउँमा वृक्षरोपण गर्ने बृहत् कार्यको थालनी भइसकेको भन्दै उनले चुरे, भावर तथा तराई क्षेत्रको पारिस्थितिकीय प्रणाली र जैविक विविधता संरक्षणलगायतका कार्यलाई थप व्यवस्थित एवम् प्रभावकारी बनाउन प्रदेशका थप दुई ठाउँहरूमा भू तथा जलाधार कार्यालय स्थापना गरिएको बताए ।

उनले प्रदेश रजिष्ट्रार कार्यालयको स्थापना भएको र त्यसबाट प्रदेशमा हस्तान्तरण भएर आएका करिब आठ सय सहकारी परिचालन, अनुगमन र नियमन हुने जानकारी दिए । स्थानीय तहबाट मधेश प्रदेश सरकार मातहत हस्तान्तरण भई आएका चारवटा अस्पतालहरू सर्लाहीको धनकौल, पर्साको पोखरिया, सप्तरीको भारदह, धनुषाको डुमरिया अहिले सञ्चालन हुने अन्तिम तयारीमा रहेको पनि मुख्यमन्त्री सिंहले बताए । विभिन्न स्वास्थ्य संस्थामा पठाउन चार सयभन्दा बढी दरबन्दी सिर्जना भएको भन्दै उनले स्वास्थ्य संस्थाका लागि थप विषयगत दरबन्दी सिर्जना तथा स्रोत सुनिश्चितताको कार्य अगाडि बढाइएको जानकारी दिए ।

**लोसपा र कांग्रेसका मन्त्री अनुपस्थित**

मुख्यमन्त्री सतिश कुमार सिंहले आफ्नो सय दिनको योजना सर्वजनिक गरेको कार्यक्रममा नेपाली कांग्रेस र लोसपाका मन्त्रीहरु भने अनुपस्थित थिए । नेपाली कांग्रेसका मन्त्रीहरुले मुख्यमन्त्रीले आफूहरुमाथि अनावश्यक दबाब दिँदै आएको आरोप लगाइरहेको अवस्थामा प्रदेश सरकारको महत्वपूर्ण कार्यक्रममा सत्ता साझेदार दुई दलका मन्त्री भने अनुपस्थिति थिए । सत्ता साझेदार मन्त्रीहरु नै कार्यक्रममा नआएपछि मख्यमन्त्रीले केही समय प्रतीक्षा गरेका थिए ।

बिहान करिब ८ बजे मसला कटेजमा गरिएको कार्यक्रम बिहान ९ बजेपछि मात्रै मन्त्रीहरु आएका थिए । मुख्यमन्त्री सिंह दुई पार्टीका मन्त्रीहरुको प्रतिक्षामा रहँदा उनीहरु नआएपछि आफैँ ढिलो कार्यक्रममा आएर कार्यक्रम शुरु गरेका थिए ।

मन्त्रीहरुको अनुपस्थितिबारे प्रष्ट गर्दै मुख्यमन्त्री सिंहले भने, ‘एक जना मन्त्रीजी जितियामा बस्नु भएको छ, अर्को पार्टीका मन्त्रीहरुको कार्यक्रम वीरगंजमा रहेकाले आउन सक्नु भएन ।’

# मुख्यमन्त्रीले सय दिनमा समय मात्रै बिताए







**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मुख्यमन्त्री सतिश कुमार सिंहले आफ्नो सय दिनको उपलब्धी सार्वजनिक गर्दै सरकारले सय दिनमा राम्रो र उपलब्धीमुलक कार्य गरेको दाबी गरे पनि विपक्षीहरु भने सरकारले केबल समय बिताउन मात्रै कार्य गरेको आरोप लगाएकाछन् । प्रमुख प्रतिपक्षी जसपा नेपाल पार्टीका प्रवक्ता एवम् प्रदेश सभा सदस्य मनिषकुमार सुमनले यो सरकार आफ्नो सय दिनमा केही काम नगरेर समय बिताउने कार्य मात्रै गरेको आरोप लगाए । उनले भने, ‘यो सरकार टाइमपास सरकार हो, सय दिनमा आफ्नो दिन कटाउनुबाहेक केही गरेको छैन, सरकारको कार्य बच्चाको जस्तो देखिएको छ भने सरकारले दलहरुमा अन्र्तद्वन्द्व सृजना गराएको छ ।’ सुमनले आफूहरुले स्टेडियमको डिपिआर तयार गरेको अन्य हल्काफुल्का कार्यको जवाफ दिएर आफ्नो उपलब्धी गराउने कार्य गरेपछि कल्पनालाई उपलब्ध भन्न नमिल्ने बताए ।

उनले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एमबिबिएस पढाईलाई समेत सरकारले आफनो उपलब्धीका रुपमा जोडिरहेको जिकिर गर्दै उनले यो सरकारले त्यसमा रत्तिभर पहल नगरेको बरु विगतको सरकारले गरेको र तत्कालीन उपकुलपति डा.रामकेबल साहका कारण यो सम्भव भएको बताए । सुमनले सरकारले आफैँ राज्यमन्त्री बनाउने विना कुनै जानकारी र सल्लाह बमोजिम बर्खास्त गरेर उनीहरुको मानमर्दन गर्नेबाहेक केही नगरेको बताए ।

यता, नेकपा एकीकृत समाजवादी पार्टीका प्रदेश सभा सदस्य रत्नेश्वर लाल गोइतले सरकारले धेरै राम्रो काम गरेको जस्ता आफूहरुलाई नलागेको बताउँदै सरकारले धेरै राम्रो त काम गरेको छैन जस्तो लागेको र आफूहरु सरकारको गलत क्रियाकलापको समेत प्रदेश सभामा विरोध गरिसकेको जिकिर गरे । यता, माओवादी केन्द्रकी प्रदेश सभा सदस्य शारदा दास पहाडीले सरकारले कतै गति लिन नसकेको बताउँदै योजना संशोधन गर्छु, कसैलाई साथमा लिएर अगाडि बढछु जस्ता कुरा गरेपछि सरकार आफ्नो भनाई र गराईमा समेत प्रतिवद्ध भएको जस्तो नलागेको बताए । उनले सरकारले काम केही गर्न नसकेको र भाषण मात्रै गरेर दिन बिताइरहेको आरोप लगाइन् ।

# बिआरआइ परियोजना राष्ट्र र जनताको हितमाः दाहाल

**काठमाडौं ।**
राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले चीनले अघि सारेको विश्वव्यापी परियोजना ‘बेल्ट एण्ड रोड इनिसियटिभ’ (बिआरआइ) लाई नेपाल राष्ट्र र जनताको अधिकतम् हितमा सदुपयोग गर्ने सन्दर्भमा गहिरो चिन्तन गर्न जरुरी रहेको बताएका छन् । चाइना ग्लोबल टेलिभिजन नेटवर्क (सिजिटिएन)को सहकार्यमा नेपाल–चीनमैत्री युवा सङ्घ र फ्रेण्डसीप फोरम फर नेप्लिज जर्नालिष्टले आज यहाँ आयोजना गरेको ‘बिआरआई अवसर र चुनौती’ विषयक कार्यक्रममा अध्यक्ष दाहालले परियोजनालाई नेपाल र नेपाली जनताको भाग्य र भविष्यसँग जोड्नुपर्ने बताए ।

‘पूर्वाधार विकास, कनेक्टिभिटी र आर्थिक सहयोग अभिवृद्धिमा बिआरआइले जोड दिएको छ,’ अध्यक्ष दाहालले भने, ‘सो परियोजनामार्फत नेपाल र चीनले महत्त्वपूर्ण उपलब्धि हासिल गर्नेमा आशावादी हुनसक्ने प्रशस्त सम्भावना छन् ।’ उनले आगामी दिनमा ऊर्जा, सडक, पुल, रेल सम्पर्क विस्तारलगायत ठूला परियोजनामा नेपाल र चीनबीच साझेदारी हुने विश्वास व्यक्त गरे ।

अध्यक्ष दाहालले बिआरआइ परियोजनाबाट दुवै मुलुकले प्रशस्त लाभ लिनसक्ने जनाउँदै त्यसका लागि दुवै पक्षबाट इमान्दारिता, निरन्तर प्रयास र उच्चस्तरको समझदारी आवश्यक रहेकामा जोड दिए । ‘नेपालले पूर्वाधार विकासका क्षेत्रमा बिआरआईमार्फत् सडक, रेलमार्ग, ऊर्जा र सञ्चार पूर्वाधारमा धेरै लगानी पाउन सक्छ । यसबाट नेपालको भौतिक पूर्वाधारमा गुणस्तरीय सुधार ल्याउन र व्यापारिक मार्गलाई थप सुलभ बनाउन मद्दत पुर्‍याउँछ,’ उनले भने ।

बिआरआइले पूर्वाधार विकास, व्यापारिक सम्भावना विस्तार र क्षेत्रीय सम्पर्कका नयाँ अवसर प्रदान गर्ने उल्लेख गर्दै अध्यक्ष दाहालले परियोजना कार्यान्वयनका क्रममा आउने चुनौतीलाई आपसी समझदारी र छलफलबाट समाधान गरेर अघि बढ्नुपर्नेमा जोड दिए । नेपाली जनताको समृद्धिको चाहना पूरा गर्ने उद्देश्यका साथ नेपाल बिआरआइ परियोजनामा सहभागी भएको जनाउँदै उनले आपसी सहयोगका क्षेत्र विस्तार गरी दुई देशबीचको सम्बन्धलाई अझ फराकिलो बनाउन आफूहरू लालायित रहेको स्पष्ट पारे ।

नेकपा (एमाले)का उपाध्यक्ष गुरु बरालले बिआरआई परियोजनामार्फत मुलुकको आर्थिक अवस्था सुदृढीकरण, रोजगारी सिर्जना, व्यापार घाटा न्यूनीकरण र नवप्रवर्द्धनलाई प्रोत्साहन गर्ने योजना छनोट गरिनुपर्ने बताए । ‘यो परियोजना मुलुकको आर्थिक अवस्था उकास्न सदुपयोग हुनुपर्छ, प्रत्येक वर्ष श्रम बजारमा आउने पाँच लाख युवा जनशक्तिलाई लक्षित गरेर योजना छनोट गर्नुपर्छ,’ उनले भने, ‘नेपालमा ठूला परियोजनामा लगानी नजुटिरहेको अवस्थामा बिआरआइलाई स्रोतका रुपमा रुपान्तरण गर्नुपर्छ ।’

नेकपा (माओवादी केन्द्र)का महासचिव देवप्रसाद गुरुङले चीनले अघि सारेको बिआरआई परियोजना मूलतः पूर्वाधार निर्माण, सम्पर्क सञ्जाल विस्तार तथा सामाजिक आर्थिक रुपान्तरणमा केन्द्रित रहेको बताए । नेपालमा परियोजना कार्यान्वयनमा ढिलाइ हुनुका पछाडि राजनीतिक मतभिन्नता प्रमुख देखिएको उल्लेख गर्दै उनले माओवादी अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’को प्रधानमन्त्रित्वकालमा कार्यान्वयन सम्झौता अघि बढाउने तयारी भए पनि तत्कालीन सत्ता घटकका कारण अन्योल पैदा भएको स्पष्ट पारे ।

वरिष्ठ कूटनीतिज्ञ हिरण्यलाल श्रेष्ठले पछिल्ला समय बिआरआई परियोजना ‘चिनियाँ ऋणको पासो’ हो भन्ने भाष्य जबर्जस्त सिर्जना गर्न खोजिएको भए पनि वैदेशिक ऋणको तथ्य केलाउँदा त्यस्तो नभएको दाबी गरे । ‘चीनले परियोजनाका लागि सकभर अनुदान देओस्, नभए अन्य दातृ निकायका ब्याजदर भन्दा नबढ्ने गरी सहुलियत ऋण दिए पनि हुन्छ,’ उनले भने, ‘सो परियोजना नेपाल र नेपालीको हितमा छ, तत्काल कार्यान्वयन प्रक्रियामा जानुपर्छ, कुनै बहानामा कार्यान्वनलाई ढिलाई गर्नु हुँदैन ।’

नेकपा (माले(का महासचिव सिपी मैनालीले पूर्वाधार निर्माणमा जोड दिएको परियोजना कार्यान्वयन गरेर जानु उपयुक्त हुने धारणा राखे ।

वरिष्ठ अधिवक्ता एकराज भण्डारीले चीनसँग भएका सम्झौता तथा समझदारी कार्यान्वयमा नेपाल सरकार तदारुकताका साथ लाग्नुपर्नेमा जोड दिँदै बिआरआई परियोजना नेपाल र नेपालीको हितमा अघि बढाइनुपर्ने बताए । बिआरआइ चीनका राष्ट्रपति सी जिनपिङको नेतृत्वमा सन् २०१३ मा शुरु गरिएको महत्त्वपूर्ण विश्वव्यापी परियोजना हो । यस परियोजनाले पूर्वाधार विकास, व्यापार विस्तार र अन्तरदेशीय सम्पर्क सञ्जाललाई प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ । नेपाल र चीन दुवै देशले सन् २०१७ मे १२ मा बिआरआई ढाँचाभित्र द्विपक्षीय सहयोगसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गरेका छन् । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले नेपालका तर्फबाट बिआरआई परियोजना समझदारीमा हस्ताक्षर गरेका थिए ।

# कर छलिका सामान बरामद



**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बल पर्साले १३ लाख बढीको सामान बरामद गरेको छ ।
बुधबार सशस्त्र प्रहरी बल, नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म बिरगंजबाट स.प्र.ना.उ. नरेन्द्र सिहं धामिको कमाण्डमा खटिएको मोबाईल टोलीले जिल्ला पर्सा वीरगंज महानगरपालिका–१६ स्थित विभिन्न सीमा नाकाहरुबाट भारतबाट अबैध रुपमा भन्सार छलि बीआर ०५ एन ५२४६ नम्बरको मोटरसाइलक तथा अन्य बिभिन्न सार्वजनिक सवारी साधनहरुमा लोड गरी नेपाल तर्फ ल्याउदै गरेको ११ लाख २४ हजार १ सय ८९ मूल्य बराबरको कपडा, मोटरपाट्स तथा किराना सामान बरामद गरि उक्त मो.सा.को भन्सार मुल्य रु. १,५०,०००।– मुल्याङ्कन गरी मो.सा. सहित नियन्त्रणमा लिएको सामानहरु आवश्यक कारवाहीको लागि वीरगंज भन्सार कार्यालय पर्सामा बुझाएको छ ।
र आजकै मितिमा बि.ओ.पि. अमरपट्टीबाट खटिएको मोटरसाइकल गस्ती टोलीले पर्साको विन्दवासिनी गाउँपालिका –३ भलुवा सीमा ईलाकाबाट मुल्य ५० हजार मूल्य बराबरको कपडा बरामद गरी आवश्यक कारवाहिको लागि वीरगंज भन्सार कार्यालय पर्सामा बुझाएको छ ।
साथै बुधबार नै बेलवाबाट खटिएको टोली ७० हजार मूल्य बराबरको २ वटा सालको गोलिया नियन्त्रणमा लिई आवश्यक कारबाहीको लागि सव डिभिजन वन कार्यालय सबैयामा बुझाएको छ ।

# दशजना फरार प्रतिवादी पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय पर्साले एकै दिन दशजना फरार प्रतिवादीलाई पक्राउ गरेको छ । जिल्लाका विभिन्न ठाउँबाट 'सर्च' अभियानअन्तर्गत प्रहरीले एकै दिन दश जनालाई पक्राउ गरेको हो ।
पर्सा जिल्ला अदालतबाट भएको फैसला कार्यान्वयन गर्ने सिलसिलामा प्रहरीले चलाएको फरार प्रतिवादी पक्राउ अभियान अन्तर्गत सबै प्रतिवादीलाई पक्राउ गरिएको पर्सा प्रहरीका प्रवक्ता दीपक भारतीले बताए । उनका अनुसार अदालतबाट सजायको फैसला भइसकेपछि फरार बनेका प्रतिवादीहरूलाई पक्राउ गर्ने प्रहरीले अभियान चलाएको छ ।
त्यही अभियानअन्तर्गत पर्सा प्रहरीले विभिन्न मुद्दाका फरार प्रतिवादी पक्राउ गर्न सफल भएको उनले बताए । उनका अनुसार लुकीछिपी बस्दै गरेका फरार प्रतिवादीहरूलाई पक्राउ गरिएको हो ।
पक्राउ पर्नेहरूमा वीरगंज–८ निवासी सन्ध्या देवी कानु, पर्सा नगरदाहा–८ निवासी वैद्यनाथ साह तेली, प्रमोद साह तेली, नगिना देवी साह, अमर प्रसाद, निचुटा–५ बस्ने पारस गिरी, पकाहामैनपुर–२ का खुतिनि बादर्जी, पोखरीया–१२ का रामप्रसाद महतो धानुक र मायादेवी लगायत रहेको जिल्ला प्रहरी कार्यालय पर्साले जानकारी दिएको छ । प्रहरीले पक्राउ गरेकाहरूमध्ये ७ जना कुटपिट मुद्दाका, २ जना जालसाजी र एक जना किर्ते मुद्दाका आरोपित रहेका जनाइएको छ । पक्राउ परेकाहरूलाई आवश्यक कारबाहीका लागि पर्सा जिल्ला अदालतमा बुझाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

# दसैँमा जनकपुरधाममा सस्तो बाजार

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा विजयदशमीको अवसर प्रत्येक वर्ष जस्तै यस वर्ष पनि 'दसैँ सस्तो बजार' लाग्ने भएको छ ।
उद्योग वाणिज्य सङ्घको अगुवाइमा सस्तो बजार लाग्ने भएको हो ।
यसका लागि तयारी सुरु भइसकेको सङ्घका निर्वाचित अध्यक्ष सुरेन्द्र भण्डारीले जानकारी दिए । उनले घटस्थापनाका दिनदेखि लाग्ने सस्तो बजारमा दैनिक उपभोग्य र चाडपर्वका सरसमानदेखि विभिन्न समान सुपथ मूल्यमा उपलब्ध हुने जनाइएको छ ।
अध्यक्ष भण्डारीले हाल आर्थिक मन्दी चलिरहेकाले यसपटक सामानको मूल्यवृद्धि नगरिएको बताए ।

# चारपाङ्ग्रे सवारीको आयातमा कमी, दुई पाङ्ग्रेको वृद्धि



**मधेशदृष्टि**
**वीरगंज ।**
चालु आर्थिक वर्षको दुई महिनामा वीरगंज भन्सारमा चारपाङ्ग्रे सवारीको आयात घटेको छ । चालु आवको भदौ मसान्तसम्ममा यस नाका हुँदै ४२ करोड ४० लाख दुई हजार मूल्यपर्ने दुई सय ३० वटा जिप, कार र भ्यान आयात भएको छ ।
आव २०८०÷८१ को सोही अवधिमा ४५ करोड ९० लाख ६१ हजार मूल्य पर्ने तीन सय छ वटा जिप, कार र भ्यान आयात भएको थियो । आव २०८०÷८१ को भदौ मसान्तको तुलनामा चालु आवको सोही अवधिमा चार पाङ्ग्रे सवारी संख्याका आधारमा २४ दशमलव ८४ प्रतिशतले आयात घटेको हो । वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले चालु आवको दुई महिना अवधिमा चारपाङ्ग्रे सवारीसाधनको आयात घटेको बताए । 'गत आवको तुलनामा चालु आवको दुई महिनामा पेट्रोलियम पदार्थबाट चल्ने सवारीसाधन र इलेक्ट्रिक सवारीसाधन दुवैको आयात घटेको छ', उनले भने, 'इलेक्ट्रिक सवारीसाधन वीरगंज भन्सार नाका भन्दा उत्तरी नाकाबाट धेरै भित्रिएको छ । यो नाकाहुँदै सवारीसाधनको समग्र आयात घटेसँगै राजस्व सङ्कलनमा प्रत्यक्ष असर परेको छ ।' चालु आव २०८१/८२ को भदौ मसान्तसम्ममा ६ करोड एक लाख ७० हजार मूल्य पर्ने ५४ वटा इलेक्ट्रिक कार, जिप र भ्यान आयात भएका छन् ।
आव २०८०÷८१ को सोही अवधिमा १३ करोड २५ लाख ५५ हजार मूल्य पर्ने ५८ वटा इलेक्ट्रिक कार, जिप र भ्यान आयात भएका थिए । गत आवको तुलनामा चालु आवमा छ दशमलव ९० प्रतिशतले आयात घटेको हो । चालु आवको भदौ मसान्तसम्ममा ६ करोड दुई लाख २६ हजार मूल्यपर्ने २८ वटा ट्रक, मिनीट्रक आयात भएको छ । गत आवको सोही अवधिमा १६ करोड ८० लाख ८१ हजार मूल्यपर्ने ६८ वटा ट्रक, मिनीट्रक आयात भएको थियो । गत आवको तुलनामा चालु आवको सोही अवधिमा ट्रक र मिनीट्रकको आयात ५८ दशमलव ८२ प्रतिशतले गिरावट आएको हो ।
चालु आवको दुई महिनामा आठ करोड दुई लाख ३२ हजार मूल्यपर्ने ३८ वटा पिकअप तथा डेलिभरी भ्यान आयात भएको छ । गत आवको सोही अवधिमा नौ करोड ९३ लाख आठ हजार मूल्य पर्ने ८६ वटा पिकअप तथा डेलिभरी भ्यान आयात भएको थियो । गत आवको तुलनामा चालु आवको सोही अवधिमा ५५ दशमलव ८१ प्रतिशतले आयात घटेको छ । चालु आवको भदौ मसान्तसम्ममा १७ करोड २४ लाख चार हजार मूल्यपर्ने ७६ वटा मिनिबस र माइक्रोबस आयात भएको छ । गत आवको सोही अवधिमा सात करोड १९ लाख ९१ हजार मूल्य पर्ने ३४ वटा मिनीबस र माइक्रोबस आयात भएको थियो । चालु आवको दुई महिनामा गत आवको तुलनामा मिनिबस र माइक्रोबसको आयात एक २३ दशमलव ५३ प्रतिशतले बढेको छ । चालु आवको सुरुवाती दुई महिनामा चारपाङ्ग्रे सवारी साधनको आयात घटे पनि दुईपाङ्ग्रे सवारीसाधनको आयात दोब्बरले बढेको छ । चालु आवको भदौ मसान्तसम्ममा वीरगंज भन्सार हुँदै दुई अर्ब सात करोड ८४ लाख २२ हजार मूल्यपर्ने १६ हजार तीन सय ८४ वटा मोटरसाइकल आयात भएको छ । गत आवको सोही अवधिमा एक अर्ब १३ करोड ५४ लाख ६४ हजार मूल्यपर्ने नौ हजार दुई सय ६४ वटा मोटरसाइकल आयात भएको थियो । गत आवको सोही अवधिको तुलनामा चालु आवमा मोटरसाइकलको आयात ७६ दशमलव ८६ प्रतिशतले वृद्धि भएको भन्सार कार्यालयले जनाएको छ ।

# लिलाम नहुँदा सर्लाही भन्सारमै थन्किए सवारीसाधन



**मधेशदृष्टि**
**सर्लाही ।**
समयमै लिलाम नहुँदा करोडौँ मूल्य बराबरका सवारीसाधन सर्लाही भन्सार कार्यालयमा थन्किएका छन् । सशस्त्र प्रहरी बल र नेपाल प्रहरीले बरामद गरेर भन्सार कार्यालयमा दाखिला गरेका दुईपाङ्ग्रे र चारपाङ्ग्रे सवारीसाधन सवारीसाधनका काम नलाग्ने गरी बिग्रिन थालेका हुन् । भन्सार कार्यालयको पार्किङ क्षेत्रमा खुला आकाशमुनि वर्षौँदेखि राखिएका सावारी साधानमाथि झारपात पलाएको छ । सर्लाही जिल्लाका विभिन्न क्षेत्रबाट चोरी–पैठारी, भारतीय नम्बरको गाडीमा नेपाली नम्बर राखेका लगायतका सवारीसाधन सुरक्षा निकायले नियन्त्रणमा लिएर भन्सार कार्यालयमा बुझाउने गरेको छ ।
भन्सार कार्यालयमा बुझाइएका अधिकांश सवारीसाधान भारतबाट अवैध रुपमा चोरी तस्करीका सर–समान ढुवानी गर्ने सवारी छन् । गाडीमध्ये सबैभन्दा बढी भन्सार प्रक्रिया पूरा नगरेका भारतीय नम्बरका मोटरसाइकल छन् । यस्तै भन्सार शुल्क नतिरी विभिन्न सामान चोरीपैठारी गरिरहेका अवस्थामा सुरक्षाकर्मीले नियन्त्रणमा लिइएका नेपाली गाडी पनि भन्सार कार्यालयको पार्किङमा राखिएका छन् । सुरक्षाकर्मीले चालु अवस्थामा भन्सार कार्यालय बुझाएका सवारीसाधन अहिले कामै नलाग्ने स्थितिमा पुगेको बताइएको छ । भन्सार कार्यालयमा थन्किएर रहेका सावारीसाधनलाई छठ पर्वलगत्तै लिलामी प्रक्रिया अगाडि बढाउने सर्लाही भन्सार कार्यालयका निमित प्रमुख भन्सार अधिकृत डम्बरबहादुर बस्नेतले जानकारी दिए । गत आर्थिक वर्षको जेठतिर पाँच सय सवारीसाधान लिलामी गरिएको जनाउँदै उनले मुद्दा टुङ्गो लागिसकेका सवारी साधनलाई चाँडै लिलामी प्रक्रिया अगाडि बढाउने बताए । भन्सार कार्यालयको पार्किङ (यार्ड) क्षेत्रमा राखिएको सवारीसाधनको सुरक्षाका लागि ट्रष्ट निर्माणको लागि विभागसँग रकम माग गरेका थियौँ तर पैसा नआएका कारण ट्रष्ट निर्माण हुन नसकेको उनले जानकारी गराए । 'यातायात कार्यालयको इञ्जिनीयरले सबै गाडी हेरिसकेपछि यसको प्रतिवेदन तयार गरिने छ', उनले भने, 'प्रतिवेदन प्राप्त गरेपछि मूल्याङ्कन समितिले मूल्य निर्धारण गरेर लिलामको सूचना निकाल्ने तयारी छ ।'

# बहिरा विद्यार्थीको भविष्य कोर्दै बहिरा शिक्षिका गौतम



*कक्षा ११/१२ को पढाइ पोखराबाट पूरा गरेकी उनले साङ्केतिक भाषामै सिरहाबाट नेपाली भाषामा बटिएड.सम्मको अध्ययन गरेकी हुन् । त्यसपछि उनले त्रिभुवन विद्यालयमा बहिरा विद्यार्थीका लागि सञ्चालित विशेष कक्षामा पढाउने जागिर करारमा पाएकी हुन् ।*

**मधेशदृष्टि**
**महोत्तरी ।**
आफू सुस्त श्रवण (बहिरा) भएकाले त्यसको पीडा भोग्दै आएकी सुधा गौतमले समाजमा उदाहरणीय कार्यको प्रशंसा हुन थालेको छ । उनले आफूजस्तै अरु सुस्त श्रवण भएका बालबालिकालाई शिक्षाको ज्योति दिएर सुन्दर भविष्य कोर्दै आएकी छन् । महोत्तरीको बर्दिबास नगरपालिका–३ की २९ वर्षीया गौतम गौशाला नगरपालिकामा अवस्थित त्रिभुवन माध्यमिक विद्यालयमा १० वर्षदेखि शिक्षिकाको रुपमा कार्यरत छिन् । पहिले इशारा (साङ्केतिक भाषा) बाट बहिरा बालबालिकालाई पठनपाठन सुरु गरेकी शिक्षिका गौतम सुस्त श्रवण कक्षाका विद्यार्थीलाई निरन्तर इशारा र सङ्केतको भरमा शिक्षादीक्षा दिँदै ज्ञानको ज्योति छर्नमा व्यस्त छिन् । भूईमै कार्पेट ओछ्याएर कक्षाभरि पलेटी मारेर पढ्न सक्ने गरी बनाइएको बेञ्चमाथि कापी, किताब, कलम, पेन्सिललगायतका शैक्षिक सामग्री राखी सबै विद्यार्थी शिक्षिका गौतमले आफ्नो हात, आँखा र अनुहारले देखाएकी विभिन्न सङ्केत र इशाराको भरमा पढ्ने गर्दछन् । बाल कक्षादेखि माध्यमिक स्तरसम्मको पठनपाठनका साथै १० जोड २ र प्राविधिक क्षेत्रमा इञ्जिनीयरिङसम्मको पठनपाठन हुने यस विद्यालयमा सुस्त श्रवण भएका विद्यार्थीका लागि पनि विशेष कक्षा सञ्चालन भइरहेको छ । करिब दुई हजार बढी विद्यार्थी अध्ययनरत यस विद्यालयमा एकै सिफ्टमा सबै कक्षा तथा विद्यार्थीको पठनपाठन सम्भव नहुँदा दुई सिफ्टमा चलाउनु परेको प्रधानाध्यापक विनोद महतो बताउँछन् । कक्षा ११ र १२ को बिहानको अध्यापन सकेपछि १० बजेदेखि सुरु हुने माध्यमिक स्तरसम्मको पठनपाठन हुने गर्दछ । विद्यालयको एउटा कक्षा कोठामा १६ जना बालबालिकालाई एक्ली बहिरा शिक्षिकाले पढाइरहेको हेर्न सकिन्छ । उनले विशेष शिक्षाअन्तर्गत साङ्केतिक भाषामा कक्षा १ देखि ४ सम्म सर्लाहीबाट र कक्षा ५ देखि १० सम्म रौतहटको चन्द्रनिगाहपुरबाट अध्ययन गरेकी थिइन् । कक्षा ११/१२ को पढाइ पोखराबाट पूरा गरेकी उनले साङ्केतिक भाषामै सिरहाबाट नेपाली भाषामा बटिएड.सम्मको अध्ययन गरेकी हुन् । त्यसपछि उनले त्रिभुवन विद्यालयमा बहिरा विद्यार्थीका लागि सञ्चालित विशेष कक्षामा पढाउने जागिर करारमा पाएकी हुन् । कानले राम्ररी सुन्न नसक्ने र मुखले पनि राम्ररी बोल्न नसक्ने भएकाले उनले र उनका विद्यार्थीलाई बाहिर कहाँ, के भइरहेको छ भन्ने कुरामा खासै चासो रहेको पाइँदैन । सायद त्यसैले होला सबै विद्यार्थीहरु पठनपाठनमा निकै अब्बल र मेधावी देखिएको प्रधानाध्यापक महतो बताउँछ् । बालबालिकाहरुले कसरी शिक्षिका गौतमको सबै कुरा बुझ्छन् र कसरी उनीसँग इशारा र सङ्केतमै कुराकानी गर्छन् भन्नेमा धेरैलाई अनौठो र आश्चर्य लाग्नसक्छ । बालबालिकाहरुले कुराकानी मात्रै नभएर उनको सङ्केत र इशाराकैभरमा आफ्नो अध्ययन अध्यापनलाई पनि अगाडि बढाएका छन् । इशारा र सङ्केतकै भरमा उनीहरु शिक्षिका गौतमले भनेको कुरा लेखेर, गृहकार्य गरेर र कक्षामा प्रस्तुत गरेर पनि देखाउँछन् । ती सबै विद्यार्थी कक्षा १ देखि ५ सम्म अध्ययनरत छन् । प्रत्येक वर्ष अन्य छात्रछात्राहरु सरह बहिरा बालबालिकाले पनि परीक्षा दिने र उत्तीर्ण भएर नयाँ कक्षामा जाने गरेको शिक्षिका गौतम बताउँछन् । कक्षाकोठाको चारैतिरको भित्तामा विभिन्न सन्देशमूलक र बालबालिकालाई अध्ययनको लागि उपयोगी हुने चित्र र सङ्केतहरु कोरिएको छ । विद्यार्थीहरुले ती चित्र र सङ्केतहरु र आ–आफ्नो कापी किताबको माध्यमले अध्ययन गर्ने गर्दछन् । आफूजस्तै फरक क्षमता भएका विद्यार्थीलाई पढाउन पाउँदा आफू निकै खुसी भएको बताउँदै शिक्षिका गौतमले शिक्षाको ज्योतिले आफू जस्तै बालबालिकालाई आफूजस्तै संसार हेर्ने र बुझ्ने बनाउन पाउँदा निकै खुसी लागेको त्यहाँ पुगेका सञ्चारकर्मीलाई लेखेर देखाइन् । उनले बहिरा बालबालिकालाई पठनपाठन गराउँदा देखिएका चुनौतीको बारेमा सोध्दा उनी भन्छिन्, 'सुस्त श्रवण (फरक क्षमता) भएका छात्रछात्राहरु सामान्य मानिसभन्दा अलिक फरक हुन्छन् ।' त्यस्ता क्षमता भएका बालबालिकाहरु सामान्य विद्यार्थीभन्दा बढी जिद्धी, झगडालु, चाँडै रिसाउने र भाग्न खोज्ने प्रवृतिको हुने गरेकोले उनीहरुलाई सम्हाल्न निकै समस्या र कठिनाइ हुने गरेको उनले बताइन् ।
अन्य कक्षा जस्तो वैकल्पिक शिक्षिक, शिक्षिका नहुँदा एक्लैले दिनभर पढाउनुपर्दा आफू र विद्यार्थीहरु पनि थकित हुने गरेको उनको गुनासो छ । शिक्षिका गौतमले अरु शिक्षक, शिक्षिका सरह सामान्य परिस्थितिमा बिदा पनि पाउँदिनन् । बिरामी वा अन्य कारणले उनी विद्यालय आउन नसकेको दिन ती विद्यार्थीले राम्ररी पढ्न पाउँदैनन् । आफू विद्यालय आउन नसक्ने दिन आफैँले विकल्पको रुपमा अरु शिक्षक ल्याउनुपर्ने र विद्यार्थीलाई पनि सम्झाइबुझाइ जानुपर्ने बाध्यता रहेको उनले बताइन् । शिक्षिका गौतमले विद्यार्थीहरु त आफूजस्तै भएकाले उनीहरुसँग बस्न, पठनपाठन गर्न कुनै समस्या नभएको तर विद्यालयमा बाहिरबाट आएका आगन्तुक, अतिथि र अन्य व्यक्तिहरुसँगको संवादको लागि विद्यालयमा बहिरा विद्यार्थी र आफ्नै लागि पनि दोभासेको व्यवस्थापन गरिनुपर्ने माग गरिन् । शिक्षिका गौतम फरक क्षमताका बालबालिकाहरु देशभर नै रहेकाले उनीहरुलाई पढ्ने वातावरण निर्माण गर्न तीनै तहका सरकारहरुले गम्भीरता देखाउनुपर्ने बताउनुहुन्छ । प्रत्येक गाउँबस्तीमा रहेका सुस्त श्रवण भएक बालबालिका शिक्षाबाट वञ्चित हुन नपरोस् र सामान्य नागरिक जस्तो बोल्न र सुन्न नसके पनि शिक्षाको माध्यमले ज्ञानको ज्योतिको साहारामा यस संसारमा सम्मानित जीवनयापन गर्न सकुन् भने उनको धारणा रहेको छ ।
उनी फरक क्षमता भएकाहरुका लागि जिल्ला, प्रदेश र सङ्घमा रहेका विभिन्न सङ् सस्थाहरुमा समेत आवद्ध छिन् । हाल उनी महोत्तरी जिल्ला बहिरा सङ्घको अध्यक्ष हुन् भने राष्ट्रिय बहिरा महासङ्घ मधेश प्रदेशको सचिव हुन् । त्यसैगरी राष्ट्रिय बहिरा महासङ्घको केन्द्रीय सदस्य र राष्ट्रिय अपाङ्ग महासङ्घको मधेश प्रदेश सदस्यको रुपमा समेत शिक्षिका गौतम कार्यरत रहेकी छन् । फरक क्षमताका सवालहरुमा देश विदेशमा आयोजना हुने सभासमारोहमा पनि उनको प्रतिनिधित्व रहने गर्दछ । प्रधानाध्यापक महतोका अनुसार त्यस विद्यालयमा २० वर्षदेखि विशेष कक्षा (सुस्त श्रवण कक्षा) सञ्चालन हुँदै आएको छ । उनले अहिलेसम्म यस विद्यालयबाट थुप्रै विद्यार्थीले प्राथमिक शिक्षा पाएर यहाँबाट गइसकेको बताइन् । यहाँबाट उत्तीर्ण भएका विद्यार्थी सिरहा र सर्लाहीसहितका जिल्लामा जाने गर्दछन् । शिक्षिका गौतम जस्तै थप शिक्षक, सुस्त श्रवण भएका विद्यार्थी र शिक्षकलाई बाहिरी व्यक्तिसँगको संवादका लागि दोभासे र उनीहरुको समूचित व्यवस्थापनका लागि आफूले पटक–पटक सम्बन्धित निकायमा लिखित र मौखिक रुपमा माग गर्दै पत्राचार गर्दै आएको प्रधानाध्यापक महतोले बताए । विशेष कक्षा सञ्चालनका लागि यस विद्यालयमा शिक्षा मन्त्रालयबाट प्रत्येक वर्ष प्रतिविद्यार्थी चार हजार रुपैयाँका दरले प्राप्त हुने गरेको र त्यसै रकमबाट विद्यालयले उनीहरुको आवास, खानपिन, लत्ताकपडादेखि शैक्षिक सामग्रीको व्यवस्थापन हुँदै आएको छ ।

## सम्पादकीय

# दलित बस्ती नाकाबन्दीमा ?

*यो व्यवस्था बदल्न मधेशी जनताको ठूलो आहूति छ । संघीयताको जननी मधेश भनेर मधेशी नेताहरु कुर्लन छाडेका छैनन् । हो पनि । उनीहरुले गरेको आन्दोलनले संघीयता आएको हो । मधेशका ८ जिल्लाका जनतालाई अधिकारसम्पन्न बनाउने काममा प्रदेश सरकार क्रियाशील छ पनि । तर मधेशमा अझै पनि सामन्तवादको जरा ओखल्न बाँकी रहेको देखिन्छ । सिरहाको नरहामा ५० घर दलित परिवार पछिल्लो पाँच दिनदेखि समस्या खेपिरहेका छन् । गाउँकै भदैया यादव भनिने रामचलित्तर यादवले ५० घरपरिवार रहेको बस्तीलाई तारबारले घेरेर दिशापिशाब पनि फेर्न नदिने गरी यातना दिएका छन् । भदैया यादवका छोरा महेश यादवले मुसहर र सदाय परिवारका सदस्यलाई सस्तोमा काम नगरेको भन्दै यातना दिएका हुन् । यति मात्र होइन, गाउँ ब्लकको जग्गा फँडानी गरेर बस्दै आएका मुसहर परिवारलाई यादवले आफ्नो जग्गामा बसिरहेका छौ, उठिबास लगाइदिन्छौँ भनेर धम्काउने गरेका छन् । सुन्दै अचम्म, तपाईंलाई लाग्यो होला, यस्तो पनि छ अझै समाजमा ? कसैको काम नगरेको भन्दै यसरी बस्तीलाई नै तारबार लगाउने सामन्तवाद कहिले अन्त्य होला मधेशमा ? के यस्ता सामन्तीलाई तह लगाउने सामथ्र्य छैन मधेशमा ? केन्द्र सरकारको प्रतिनिधि प्रहरी, प्रशासन, प्रदेश सरकारका अवयव अनि स्थानीय सरकारका वडाध्यक्षहरु एउटा सामन्तीसँग डराएकै हुन् त ?*

*सिरहाको नरहाको वडा नम्बर १ का ५० घरपरिवार मुसहर बस्ती समस्यामा छन् । एक दिन होइन, दुई दिन होइन, पाँच दिन भयो । उनीहरु गाउँकै भदैया यादवको परिवारबाट नाकाबन्दीमा परेका हुन् । नाकाबन्दीमा परेका कारण उनीहरुलले दिशापिशाबका लागि बाहिर पनि जान पाएका छैनन् । निम्छरा मुसहर सबैको शौचालय पनि छैन । तर एउटा व्यक्तिले गरेको नाकाबन्दीले समस्या भएको पाँच दिन भएको छ । जनता यसरी एउटा सामन्तको नाकाबन्दीमा पनि परेको पाँच दिन भएको छ । यो प्रकरण वडाध्यक्ष भन्दा माथि गएको छैन । स्थानीय सरकारहरु कानमा तेल हालेर बसेपछि केन्द्र सरकारका प्रतिनिधिहरु त मौन हुने नै भए । जनताको दुःख देखाउने जिम्मा हाम्रो भयो । जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालय सिरहामा पनि यो विषय दर्ज भएको छैन । होस् पनि कसरी, बाहिर निस्कन नदिने गरी मुसहर घेराबेरामा छन् । अनि उनीहरुको निवेदन नआएकाले प्रहरी प्रशासनले थाहा पाउने कुरै भएन । हाम्रो व्यवस्था कस्तो छ भने निवेदन नआएसम्म निवेदन आएन भन्दै निदाएर बस्ने । अब निदाएको भन्दा फेरि रिसाउलान् । थाहा नपाएको भनेर टारेको अवस्था छ प्रहरी प्रशासनले ।*

*एक्काइसौँ शताब्दीमा पनि यस्ता दृश्यहरु लेख्नु र देखाउनु लाजको विषय हो । मधेशको यो विकराल समस्या हो । जातका विषयमा टिप्पणी गर्नु पनि हुन्न । तर ठूलो जातका भनिनेहरुबाट साना जातका भनिनेहरुलाई भइरहेको घिनलाग्दो व्यवहारले पक्कै पनि समाज अझै पछौटे युगमै छ भन्न सकिन्छ । अर्कातिर निवेदन आएको छैन भनेर सफेद पोशाकमा देखिने हाम्रा सरकारका प्रतिनिधिहरुको अनुहार पनि हेर्न लायक छ । समाज अपराधमा जकडिएको छ । पीडितहरु बाहिर निस्कन सकेका छैनन् । एउटा सामन्तले यति ठूलो बस्तीलाई समस्या पारेको छ । हाम्रा सरकारहरु भनिरहेका छन्, हामीलाई थाहै छैन, निवेदन आएको छैन । जनताका सेवा गर्न बसेका र जनताकै करले पोशाक लगाएका अनि भत्ता खाएकाहरुलाई हाम्रो प्रश्न छ, के अब निवेदन लिएर हामी आउँ ? कि तपाईंहरु आफैँ थाहा पाएर मुसहरको उद्धारका लागि एक्सन लिनु हुन्छ ?*

# सर्वत्र भ्रम छरिँदा कता छन् बुद्धिजीवी ?



**लोकबन्धु घिमिरे**

समाज भयंकर राजनीतिक विभ्रम (डिलुजन) मा फसेको छ। सामाजिक चेतना क्षयीकरण भएकै कारण के ठीक र के बेठीक छुट्टाउन मुस्किल छ। देशको राजनीतिले सर्वसाधारणको जीवनस्तर माथि उकास्नु पर्ने हो तर त्यस्तो हुन सकेन। कमसेकम गणतन्त्र स्थापनापछि देशले आर्थिक–सामाजिक समृद्धिमा कोल्टे फेर्नुपर्ने अपेक्षा थियो। जनताको जीवनस्तर माथि जानुपथ्र्यो। रोजगारी बढ्दै गरिबी हट्नुपथ्र्यो। स्वास्थ्य, शिक्षा, कृषि, खानेपानीजस्ता आधारभूत सेवा पर्याप्त हुनुपथ्र्यो। तर जनताको आफ्नै रगतले लेखेको समाजवादी संविधानले समेत केही गर्न सकेन। स्थानीय, प्रदेश र संघका राजनीतिक नेतृत्व, तिनका आसेपासे, चाकरीबाज र दलाललाई मात्रै यो व्यवस्थाले राम्रो गर्‍यो, जनतालाई केही न केही। यो निराशा सर्वत्र व्याप्त छ। यही निराशाबीच नेपालमा लोकरञ्जनवाद (पपुलिज्म) मौलाएको छ। यसो घोत्लिँदा यो लोकरञ्जन अभ्यासमा अग्रगामी सुगन्ध नभई प्रतिगामी गन्ध आउँछ। सोसल मिडिया, पत्रपत्रिका, रेडियो या टिभी हेर्नुस् त चर्काचर्की भाषण, आक्रोश र उत्तेजना मात्र भेटिन्छन्। पुराना नेता फटाहा, पुराना भ्रष्ट र लुटेरा तर हामी नयाँ ठीक भन्दै कतिपय व्यक्ति कुर्लिरहेका छन्। **के साँच्चै त्यस्तै हो त ?**

पुरानो राज्यसत्ता निश्चय नै प्रतिगामी र जनताको शोषणको जगमा उभिएको हो, यसलाई फाल्नैपर्छ, नयाँ व्यवस्था ल्याउनै पर्छ। कसरी ल्याउने ? यसको नेतृत्व कसले गर्ने ? पक्कै नयाँ पुस्ताले। त्यसो भए नयाँ–नयाँ मुखौटा लगाएर आएका सबै ठीक छन् त ? उनीहरूको बोतल मात्रै नयाँ हो कि भित्र अमृतै छ ? या पुरानै रक्सी छ ? यथार्थ के हो ? यो छुट्टाउन कठिन छ। सत्य के हो ? छुट्टाइदिनुस् न भन्दै जनता यतिबेला बुद्धिजीवीहरूलाई हारगुहार गर्दै छन्। विडम्बना, बुद्धिजीवीहरू आफैँ रनभुल्लमा पो छन्।

खास गरी बुद्धिजीवी तप्काको स्वतन्त्र अस्तित्व हुने, उनीहरू पढेलेखेका र उच्च शिक्षा हासिल गरेका हुने हुनाले तिनले नै तर्क र विज्ञानका आधारमा विवेचना गर्ने हुँदा तिनको चेतना प्रगतिशील एवं उपल्लोस्तरको हुन्छ भन्ने ठानिन्छ। सोही कारण उनीहरूले सत्य खुट्याउन सक्छन् र सामाजिक विभ्रमको जालो च्यात्न सक्छन् भनेर नै समाज उनीहरूप्रति यति आशावादी भएको हो। यस्ता बुद्धिजीवीहरूमा दार्शनिक, प्राध्यापक, शिक्षक, प्राज्ञ, विज्ञ, कवि, वैज्ञानिक, चिन्तक, थिंकट्यांक, नीतिनिर्माता, कानूनबेत्ता, समाजसेवी–सामाजिक अभियन्ता, लेखक–कलाकारलगायत पर्छन्, जो शारीरिक श्रम भन्दा पनि मानसिक श्रम (बुद्धि र प्रविधि) परिचालनबाट जीविकोपार्जन गर्ने गर्छन्।

यस्तो वर्गले राजनीतिलाई तटस्थतापूर्वक, तर नैतिक मूल्यका आधारमा विवेचना गर्छ। इतिहास हेर्दा पनि थाहा लाग्छ, बौद्धिक वर्गते संसारका ठूला–ठूला क्रान्ति र परिवर्तनमा योगदान गरेको छ। फ्रेन्च, रुसी या चिनियाँ जनक्रान्तिका साथै नेपाली भूमिमा सामन्तवाद र यथास्थिति विरुद्धका सबैखाले विद्रोह, आन्दोलन र क्रान्तिहरूमा बुद्धिजीवीहरू अग्रमोर्चामा थिए।

**सामाजिक विभ्रम निर्माण हुँदै**

समाज जब डिस्पोटियाको शृंखलामा अगाडि बढ्छ तब समाजका सबै लोकतान्त्रिक मूल्यमान्यता क्षतविक्षत हुन गई सर्वसत्तावाद र फासिवादको अंकुरण हुन जान्छ। यस्तै मौकामा 'राजनेता'हरूले यतिबेला नै तानासाही सुरुङमार्गमा देशलाई जबरजस्ती लैजान्छन्। नातावाद, परिवारवाद, नवउदारवाद–एकाधिकारवादले राज्यको धनमा ब्रह्मलूट गर्छन्। यिनले चारैतिर निराशा र अभाव सिर्जना गर्छन् अनि यसैबेला सोसल डिल्युजन (सामाजिक विभ्रम) फैलिन सहज हुन जान्छ।

शासकहरूले प्रोपागान्डा र डिल्युजनको खेती यही बेला गर्छन् र भन्छन्– कि म नै तिम्रो हिरो हुँ, म नै तिम्रो उद्धारकर्ता हुँ, ममाथि विश्वास गर, किनकि म नै क्रान्ति हुँ, म नयाँ अवतार हुँ, म भगवान् हुँ र मसिहा पनि हुँ। सोसल डिल्यूजन (विभ्रम) र सोसल इल्यूजन (मृगतृष्णा) उस्तैउस्तै गरी निर्माण गरिन्छ। यी दुवै प्रक्रियामा जनमानसलाई विश्वास दिलाइन्छ कि–नेताहरूले हाम्रा लागि रात दिन मिहिनेत गरेका छन्, उनीहरूले निस्वार्थ हाम्रो सेवा गरेका छन्, उनीहरू असल छन्, खराब त हामी जनता पो रहेछौँ। उनीहरूले हाम्रा लागि स्कुल, कलेज, बाटोघाटा, उद्योगधन्दा र रोजगारी दिने योजना बनाइरहेका छन्। यस्तैयस्तै विभ्रमहरू।

यस्तो खाले सोसल डिल्युजन निर्माण डिस्पोटियन (असमानता र अन्यायले भरिएको समाज) कसरी सम्भव हुन्छ त ? प्लेखानोभ एकेडेमी, मस्कोका प्राध्यापक लुडमिला सुक्सिना (२०१५) को टोलीले मूल रूपमा राजनीतिज्ञहरूले समाजमा दिवास्वप्न (डे ड्रिम), सोसल फेन्टासी (सामाजिक रोमाञ्चकता), कृत्रिम चित्रांकन (नक्कली र चमत्कारी इमेज) र प्रोपागान्डा (झूटमाथिको विश्वास) जस्ता औजारमार्फत गहिरो अर्धचेतना (डीप क्वेसी–कन्ससनेस) पैदा गर्न सफल हुने भएकोले यस्तो विभ्रमउपर मानिसले अति नै विश्वास गर्ने गरेको पाएका थिए।

१६ औँ शताब्दीमा निकोलो मेकियाभेलीले इटालियन सम्राट्लाई उच्चस्तरीय अवतारको रूपमा देखाउन 'द प्रिन्स' नाटक लेखन गर्दा यही प्रोपागान्डा र डिल्युजन सिद्धान्त अपनाएका थिए भने अचेल आधुनिक कालमा प्रोपागान्डा मच्चाउन शासकले छुट्टै 'पोर्टफोलियो' बनाउने गर्छन्, जहाँ झूटबाहेक अरू खेती गरिन्न र सत्य लुकाइन्छ। सोसल मिडिया यति बेला झूट खेतीको मैदान भएको छ। हेर्नुस् त तमाम विभ्रम, नाटक, पडकास्ट, पण्डित्याइँ र नक्कली बुद्धिजीवीहरू। राजनीतिक अभिष्टका लागि 'साइबर फोर्स' खडा भएका छन्, जो दिनरात अफवाह फैलाउने र प्रोपागान्डा मच्चाउने गर्छन्।

केही उदाहरण हेर्दा थाहा लाग्छ कि नेपालमा कसरी प्रोपागान्डा मच्चाइएको छ। एकथरी भन्छ–लिपुलेक मैले फिर्ता ल्याएँ, म मात्रै राष्ट्रवादी हुँ, धरहरा मैले बनाएँ, वृद्धभत्ता मैले दिएँ। अर्को भन्छ–लोकतन्त्र मैले ल्याएँ, प्रजातन्त्रको मसिहा मै हुँ। झन् अर्को भन्छ–समावेशिता मैले ल्याएँ, संघीयता मेरो पेवा हो। अर्को भन्छ–वृद्धले होइन, युवाले देश बनाउँछ, म मात्रै युवा हो। अनि अर्को भन्छ–मधेशीलाई अधिकार दिने मै हो। यस्तैयस्तै अनगिन्ती र धेरै अफवाह छन्।

यत्रा प्राप्तिपछि पनि देशचाहिँ किन गरिब छ त ? यहाँ भोकरोग, विभेद, बहिष्करण, ऐतिहासिक दलन, अन्याय अत्याचार किन छ ? आम जीवनयापन किन कठिन छ ? यो कारण र सत्य कसैले भन्दैनन्। यही सत्य हो बुद्धिजीवीले भनिदिनुपर्ने। यही शून्य चेतनामाथि विद्रोह गरी हाम्रो अर्द्धमुर्छित (सब–कन्ससस) समाजलाई अब उठाउने।

**प्रगतिशील बुद्धिजीवीको भूमिका**

प्रतिगमन,अराजकता, सर्वसत्तावाद र यथास्थितिवाद विरुद्ध लड्ने र समाजको अग्रगामी परिवर्तन चाहने सबै मानिस प्रगतिशील तप्कामा पर्छन्। वामपन्थी, प्रजातान्त्रिक सबै बुद्धिजीवी यसै पनि देशभक्त र प्रगतिशील हुने भए। राज्यको शोषणलाई रंगिन चित्रमा व्याख्या गर्न शासकलाई 'भाट बुद्धिजीवी' एवं भजनमण्डली आवश्यक पर्छ। यस्ता भाट बिक्री हुन्छन् र ज्यूज्यू गर्दै चाकरी प्रथामा रमाउँछन्। यिनीसँग उच्च शैक्षिक योग्यता नै भए पनि यिनको चेतना निम्नस्तरको हुन्छ र सिर्जनशील क्षमता विसर्जित हुन्छ। 'हड्डी' खाएका हुन्छन्। राज्यले लोभ्याउने राजदूत, जीएम, आयोगप्रमुख या यस्तै गुलियो चास्नीमा डुब्न जान्छन्। कुनै प्रश्न गर्न नसक्ने आलोचनात्मक चेत गुमाइसकेका यिनले आफ्ना स्वार्थका लागि जेसुकै गर्न तयार हुन्छन्। आफ्नै स्वाभिमान बेच्नेलाई अरूथोक बेच्न कुन आइतबार ? यिनै भाट बुद्धिजीवीहरू नै हुन् समाजमा विभ्रम र प्रोपागान्डा खेती गर्ने।

विगत सय वर्ष यता नेपालमा पनि बौद्धिक वर्गले राजनीतिमा पकड जमाउन सफल देखिए तर पनि देशको अग्रगामी रूपान्तरण भएन। मेक्स बेबरले भनेझैँ यी बुद्धिजीवीहरूले आफूलाई प्राप्त राज्य शक्तिको आडमा आफैँ लाभ लिए, भाइभारदार, परिवार, नातागोता पोसे तर जनतालाई ख्याल गरेनन्। देशको अर्थ राजनीतिक नीति, बजेट, योजना र दस्ताबेज आसेपासेका लागि मात्रै बनाए। देशको असंलग्न वैदेशिक नीति पनि बेचेर खाए अनि साम्राज्यवादी र औपनिवेशिक नीतिका अघि आत्मसमर्पण गरे। देशको अस्तित्वमाथि खेलबाड गरे। यस्ता विभ्रमहरू तोड्न लेखक महाद्वीप पोखरेलले केही पहिले भनेझैँ समाजमा कलम पुनर्जागरण (फाउन्टेन रेनासा) अभियान आवश्यक छ। बौद्धिक जनसमुदायले जुनसुकै माध्यमबाट चेतनाको जागरण फैलाउनु आवश्यक देखिन्छ। विभ्रम तोड्ने काम साँच्चै कठिन छ।

**माक्र्सवादी बुद्धिजीवीले के गर्ने ?**

समाजबाट गरिबी, असमानता र विभेद अन्त्य गर्न उत्पादनको ढाँचा नै बदल्नुपर्छ भन्ने दार्शनिक कार्ल माक्र्सले कम्युनिस्ट मेनिफेस्टो (१८४८) र क्यापिटल (१८६७) जस्ता महत्वपूर्ण कृतिहरू लेखे। माक्र्सले बुद्धिजीवी वर्गले नै सर्वहारा वर्गलाई उच्च चेतना प्रवाह गर्न सक्छन् र यिनीहरू नै समाज परिवर्तनका सहयोगी हुन सक्ने बताए। पुँजीवादी व्यवस्थामा बुर्जुवा वर्ग र सर्वहारा वर्गको बीचमा हुने सामाजिक वर्ग संर्घषका दौरान 'पेटी बुर्जुआ' (निम्न पुँजीपति) वर्ग पनि आउँछन्। माक्र्सले यो वर्ग नै बुद्धिजीवी वर्गका रूपमा देखा पर्ने बताएका छन्।

वास्तवमा निम्न पुँजीपति वर्ग केही शिक्षित हुन्छ, केही पढेलेखेको र पेसेवर हुन्छ। यससँग थोरै धनसम्पति पनि हुने भएकाले यो अलि ढुलमुले र अवसरवादीका रूपमा देखापर्छ। पुँजीवादले पुँजी बिस्तार गर्दै जाँदा बिस्तारै बिस्तारै यही पेटी बुर्जुवालाई निल्दै जान्छ र यिनीहरू पनि कालान्तरमा 'सर्बहाराकरण' हुन जान्छन्। यही चेतनाले गर्दा यिनीहरू केही न केही क्रान्तिकारी बन्छन्। यस्तै चरित्र हाम्रो नेपाली समाजमा समेत देखिन्छ।

लेनिनले 'ह्वाट इज् टु बि डन ?' (१९०२) भन्ने पुस्तकमा तत्कालीन रुसी क्रान्तिमा बुद्धिजीवी वर्गले गर्ने योगदान सम्झेका छन्। माओले पनि बुद्धिजीवी वर्गलाई क्रान्तिसँगै हिंडाएका हुन्। अब एकछिन नेपालका सन्दर्भमा विवेचना गरौँ। यतिखेर आधुनिक नेपाली समाज मूलभूत रूपमा तीन ऐतिहासिक चेतनाको बिस्तार गरेर नै यो चरणमा आइपुगेको हो। विसं.२००७, २०४६ र २०६३ को चेतनाको क्रान्तिकारी सम्मिश्रण हो आधुनिक नेपाली समाज। समाज अर्धसामन्ती उत्पादन पद्धतिबाट पुँजीवादी (जनवादी) उत्पादन प्रणालीको संक्रमणतर्फ लाग्दै छ, जसको गन्तव्य समाजवाद भनिएको छ।

यतिखेर पुँजीवादी उत्पादन सम्बन्धको चरित्र दलालीकरण र नवउदारीकरणको पन्जाभित्र फसेको छ। त्यसले उत्पादन बढाउन कृषिमा क्रान्तिकारी भूमिसुधारको नीति ल्याउन दिन्न र भूमि पुनः वितरण गरी कृषकलाई माथि उठ्न पनि दिंदैन। राष्ट्रिय पुँजीपति वर्गको नेतृत्वमा स्वाधीन अर्थतन्त्र र औद्योगीकरण गर्न पनि यसले उस्तै बाधा पुर्‍याइरहेको छ। यसले उत्पादनका सबै स्रोतसाधनमाथि एकाधिकार जमाएको छ। तब न नेपालमा तीव्र औद्योगीकरण हुन सकेको छैन, जसका कारण भयावह बेरोजगारी पैदा भएको छ।

यसले सामाजिक र सांस्कृतिक मूल्यहरूमा विचलन ल्याएको छ। हातमुख जोर्नका लागि दलाली गर्नुपर्ने वा बिदेसिनुपर्ने बाध्यता भएको छ। कम आय, गरिबी, भोकरोग, अन्याय, जातीय विभेदजस्ता तमाम समस्या नै उत्पादनमा कमीसँग जोडिन्छन्। यसर्थ, बुद्धिजीवीले नै यो सत्यको बोध जनतालाई गराउन सक्नुपर्छ।

दलालहरूले आफ्नो ब्रम्हलुटको स्वर्ग स्थापनार्थ कल्चरल हेजीमनी (सांस्कृतिक प्रभुत्ववाद) लाद्ने पनि गर्छन्। एन्टिनिओ ग्राम्सीले भनेझैँ पुँजीवादले सर्बाल्टन–बुद्धिजीवीहरूलाई राजकीय शोषणको औजारका रूपमा प्रयोग गर्न सक्छ जसले गर्दा समाज चेतनाशून्य भइरहोस्, यसतर्फ समेत ध्यान दिंदै समग्र मार्क्सवादी बुद्धिजीवीहरूले क्रान्तिकारी व्यवहार एवं जनपक्षधरता कहिले पनि गुमाउनु हुँदैन। संरचनात्मक रूपमै समाज बदल्न यी उल्लेखित तमाम विभ्रम चिर्दै प्रगतिशील चेतना बिस्तारका लागि सत्य लेखौँ, सत्य बोलौँ र नयाँ 'कलम क्रान्ति'लाई अघि बढाऔँ। उकालो

# लागु पदार्थको बढ्दो प्रभाव रोक्न सबै पक्ष जुट्नैपर्छ



**द्रोण अधिकारी 'गुयेली'**

बीस वर्ष अगाडिसम्म नेपालमा काठमाडौं, पोखरा र धरानलगायतका केही सहर लागु औषध प्रयोगकर्ता र कारोबारी रहेका ठाउँका रूपमा चिनिन्थे। दुई दशकको अन्तरालमा कति भिन्नता आयो भने नेपालका ७७ जिल्ला नै लागुपदार्थ प्रयोगकर्ता र कारोबारी छरिएर बसेको देशको पहिचान बनिसकेको छ। लागु पदार्थ दुव्र्यसनीहरूको बढ्दो अवस्थाबाट विश्व नै प्रताडित हुँदैछ। त्यसको घातक दुष्प्रभाव नेपाल र नेपाली समाजमा परिरहेको छ। कहिलेदेखि र कहाँबाट नेपाली समाजमा लागु पदार्थको प्रकोप प्रवेश गरेको हो भनेर किटान गर्न नसकिए पनि नेपालमा लागु पदार्थ ल्याउने र नेपाली युवालाई कुलतमा लगाउने हिप्पीहरूले गरेको मानिन्छ। विदेशी पर्यटक सहज आवतजावतको वातावरण बनेपछि युवा पुस्ता कुलतमा लाग्ने अवस्था बढ्दो छ। सही समयमा लागु पदार्थ दुव्र्यसनका बारेमा सही जानकारी नभएको कारण धेरै युवा लागु पदार्थको कुलतमा फसेका छन्।

लागु पदार्थको कुलतमा फसेका छोराछोरीका अभिभावकहरूका पीडा र मानसिक यातना देखेर कुलत मुक्त छोराछोरीका अभिभावक पनि आफ्ना सन्तान कतै त्यस्तै हुने हुन् कि भनेर संत्रस्त छन्। रक्सीबाट सुरू हुने लागु पदार्थको कुलतले हिरोइनमा पुगेर जीवनकै अन्त्य गर्छ। कुलतमा फसेर जीवन बिगार्ने युवाको संख्या दिनदिनै बढ्दै जानु देशको भविष्य अन्धकार हुनु हो। दुव्र्यसनको कारण आर्थिक, सामाजिक र पारिवारिक विचलन समेत भोग्नुपर्छ।

लागु पदार्थका कारण पूर्वको झापा पछिल्लो दशकयता निकै आक्रान्त छ। भारतसित खुला सिमाना जोडिएको झापालाई लागु पदार्थ ओसारपसार गर्ने सहज मार्ग बनाएर कारोबार गर्नेदेखि प्रयोग गर्नेहरूसम्मको संख्या उच्च भएको जिल्लामा पर्छ। छिमेकी भारतीय बजारमा सहजै खरिद गर्न पाउने हुँदा नेपालतिर प्रतिबन्धित भए पनि उतै लागु पदार्थ सेवन गरेर फर्कने नेपाली युवायुवतीको संख्या झापामा मात्रै १५ हजार बढी रहेको अनुमान छ।

हरेक दिन २ देखि ५ जनासम्म युवा लागु पदार्थ कारोबारको आरोपमा पक्राउ परिरहेको झापा जिल्लाभित्र ठूलो परिणामको कारोबारी भने पक्राउ परेको देखिँदैन। झापाको यस समस्यालाई समाधान गर्न छिमेकी भारतीय सीमा सुरक्षा प्रशासनसित समन्वय गर्न सके केही प्रगति हुनसक्थ्यो। भारतीय पक्षको एउटा सर्त नेपालतिर खुला रहेको मदिरा नियन्त्रण गर्न सहमत भए भारतिर खुला रहेको लागु पदार्थ नियन्त्रणमा सहयोग दिने भन्ने रहेको सुनिन्छ। दुवै देशका सुरक्षा निकायले समन्वय गर्दा लागु पदार्थको व्यसनीबाट भइरहेका अपराध नियन्त्रित हुने वातावरण बन्थ्यो।

लागु पदार्थको पहिलो खुड्किलो मानिएको मदिरा नियन्त्रणका लागि झापामा ५ वर्ष अगाडि नै अभियान थालिएको थियो। तर मदिरा नियन्त्रित जिल्ला घोषणा अभियान कागजमा थन्किएपछि मदिराजन्य पदार्थ सेवनका कारण झापामा जघन्य अपराधका घटना बढिरहेका छन्। जिल्ला प्रशासन कार्यालय, झापाको अगुवाइमा ५ वर्ष अगाडि नै १५ वटै स्थानीय तहका जनप्रतिनिधिले मदिराजन्य पदार्थ नियन्त्रित जिल्लाको रूपमा झापालाई घोषणा गर्न कनकाई नगरपालिकामा बाह्र बुँदे घोषणापत्र जारी गरेका थिए। बाह्र बुँदे प्रतिबद्धतामा हस्ताक्षर गरे पनि स्थानीय सरकार र संघीय सरकारका प्रतिनिधिले आफैँले गरेको प्रतिबद्धता कार्यान्वयन नगरी कागजमै सीमित बनाएपछि मदिराका कारण हुने अपराध बढिरहेको हो।

नियमन र नियन्त्रित नरहेकै कारण झापाका प्रतिबन्धित ठाउँमा खुलेआम मदिरा बिक्री भइरहेको छ भने जतातत्तै मदिरा उत्पादन हुँदासमेत नियामकलाई चासो छैन। नियमनकारी निकाय नै रमिते बनेपछि मदिरा नियन्त्रित जिल्ला कागजमै सीमित भएको छ। प्रष्ट कानुनी व्यवस्था भएको मदिराजन्य पदार्थलाई त सरकारले पूर्णरूपमा नियन्त्रण गर्न नसकेको झापामा रसायनयुक्त लागु पदार्थ नियन्त्रण गर्न के सक्ला र ? अवैधरूपमा उत्पादन हुने र गुणस्तरको बारेमा कुनै लेखाजोखा नहुने मानव शरीरका लागि अतिहानिकारक मानिएको घरेलु मदिरा नियन्त्रणका लागि अभियान सफल बनाउन आन्तरिक राजस्व कार्यालयको प्रमुख संयोजक रहने गरी समिति निर्माण गरेर अभियान सुरू भएको थियो। तर, सो समितिले पटकपटक बैठक बसेर झापालाई मदिरा नियन्त्रित जिल्ला बनाउने लिखित निर्णय गरे पनि कागजभन्दा बाहिर गएर कार्यान्यवनको चरणमा प्रवेश गर्न सकेन। संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका प्रतिनिधि बसेर गरेको निर्णय कार्यान्वयन नहुँदा छिमेकी देश भारतमा प्रतिबन्धित मदिरा नेपालतिर खुला रहेको भन्दै भारतीय प्रशासनले नेपाली लक्षित भारतीय बजारका लागु पदार्थ कारोबार गर्ने व्यपारीलाई व्यापार गर्न दिइरहेको भान हुन्छ।

नेपाल–भारत सीमा क्षेत्रमा पर्ने झापामा मदिरा नियन्त्रित जिल्ला घोषणाका लागि यसअघि विद्यमान कानुन कार्यान्वयन कडाइका साथ लागु गर्ने, मदिरा विक्री केन्द्रको संख्या नियन्त्रण गर्ने तथा मदिरा विक्री गर्ने समय राति १० बजेसम्मलाई संशोधन गर्न पहल गर्ने, साँझ ८ बजे सम्ममात्र विक्री बितरण गर्न पाइने, तोकिएको उमेर समूहका व्यक्तिलाई मात्र मदिरा विक्री गर्ने व्यवस्थालाई कानुनद्वारा नियमन गर्न पहल गर्ने र मदिरा किन्न आउने व्यक्तिको समेत परिचय अनिवार्य राख्ने व्यवस्था गर्ने प्रतिबद्धतामा उल्लेख गरिएको थियो। भारतमा मदिरा नियन्त्रित भएपछि भारतका मदिराका व्यसनी नेपाल आउने र मदिरा सेवन गरी भारत जानेगरेका छन्।

मदिरा नियन्त्रणका लागि झापामा जिल्लास्तरीय, गाउँ तथा नगर, वडास्तरीय मदिरा नियन्त्रण अनुगमन समिति बनाई निरन्तर अनुगमन गर्ने, अस्पताल, मन्दिर, शिक्षण संस्थाको निश्चित दूरीभित्र मदिरा विक्री वितरण गर्न रोक लगाउने कानुनी व्यवस्थालाई तत्काल कार्यान्वयनमा ल्याउन सामूहिक प्रतिबद्धता सुनिश्चित गर्ने भनिएको थियो। नेपाल–भारत सिमानाको निश्चित पाँच सय मिटर दूरीभित्र मदिराजन्य पदार्थ विक्री गर्न निषेध गर्ने पनि प्रतिबद्धता समेत स्थानीय तहका जनप्रतिनिधिले गरेका थिए। मदिराजन्य पदार्थ उत्पादन गरी जीविकोपार्जन गर्ने परिवारको पहिचान गरी वैकल्पिक व्यवस्था गर्न स्थानीय तहबाट विशेष पहल गरिने, नीति, निर्माण गर्न, कार्यान्वयन गर्न र अनुगमन गर्ने निकायले आपसी समन्वयको आधारमा मदिरा नियन्त्रण कार्यलाई थप व्यवस्थित बनाउन सहकार्य अघि बढाउने प्रतिबद्धता जाहेर गर्दै स्थानीय तहका जनप्रतिनिधिले हस्ताक्षर गरेका थिए। मदिरा सेवनका कारण समाजमा अपराधका घटना बढेको भन्दै मदिरा नियन्त्रित गराउन प्रहरी प्रशासन अघिसरेको थियो। झापामा मादक पदार्थ सेवनका कारण बढी घटना भएको प्रहरीले अनुसन्धानमा देखिन थालेपछि मदिराको व्यवस्थित कारोबार गर्ने तथा अवैध मदिरा नियन्त्रण गर्ने उद्देश्य लिएर अभियान अघि सारिएको थियो। तर यो अभियान कार्यान्वयनमा नगएपछि झापामा पछिल्लोपटक लागु पदार्थ प्रयोगकर्ता र कारोबारीको संख्या निकै बढेर गएको छ। नेपाल तथा भारतका सुरक्षा निकायले एक अर्काका लागि सहयोगी भूमिका निर्वाह नगर्दा दुवै देशमा दुर्व्यसनका कारण समाजमा समस्या जटिल हुँदै गइरहेको हो।

नेपाली पक्षले मदिरा र भारतीय पक्षले लागु पदार्थ कारोबारमा हस्तक्षेपकारी भूमिका निर्वाह गर्नसक्ने हो भने झापामा देखिएको लागु पदार्थको कारोबार तथा बढ्दो दुरवस्थाबाट मुक्त हुने वातावरण बन्न सक्थ्यो। नेपालमा दुर्व्यसनीको संख्या वृद्धि हुँदा खुला सिमाना रहेको भारत पनि पक्कै असुरक्षित हुन्छ। यस सत्यलाई बुझेर पनि थाहा नपाएझैं गर्दै भारतीय सुरक्षा संयन्त्रले बेवास्ता गरिरहेको छ। नेपाली सुरक्षा निकायले पनि सीमा क्षेत्रमा हुने अवैध मदिराजन्य गतिविधि नियन्त्रणमा सकृय भएर लागेको खण्डमा लागु पदार्थ कारोबार नियन्त्रमा सफलता मिल्न सक्थ्यो।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# ‘नियत सफा राखौँ, आचारण सुधारौँ’



**लुम्बिनी ।**
लुम्बिनी प्रदेश सरकारले तयार पारेको भ्रष्टाचार नियन्त्रणसम्बन्धी पाँचवर्षे रणनीतिक योजनाको मस्यौदामा ११ वटा विषयलाई प्राथमिकता दिइएको छ ।
भ्रष्टाचार नियन्त्रणका लागि प्रदेश सरकारले निर्धारण गरेका प्राथमिकतामा ९९ वटा क्रियाकलाप प्रस्ताव गरिएका छन् । मुख्यमन्त्री चेतनारायण आचार्यले पद सम्हालेपछि भ्रष्टाचार नियन्त्रणसम्बन्धी पाँचवर्षे रणनीतिक योजनालाई स्वीकृत गरेका हुन् । रणनीतिक योजनालाई यही असोजभित्र मन्त्रिपरिषद्बाट पारित गरेर कार्यान्वयन गर्ने योजना छ ।
प्रदेशमा सुशासन कायम गर्ने तथा त्यसनिम्ति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उच्चस्तरीय अनुगमन संयन्त्र गठन गरिने छ भने नैतिकता तथा सदाचारिता प्रवर्द्धनलाई जोड दिइएको छ । व्यावसायिकता अभिवृद्धि, सार्वजनिक सेवा प्रवाह, वित्तीय अनुशासन, आयोजना कार्यान्वयन, कानुन तर्जुमा, पारदर्शिता, सामाजिक जवाफदेहीतालाई समेटिएको छ ।
रणनीतिमा उत्तरदायित्व प्रबद्र्धन, सार्वजनिक खरिद व्यवस्थापन,सार्वजनिक सम्पत्ति व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन,समन्वय, सहकार्य तथा साझेदारीलाई विषयगत क्षेत्रका रूपमा तोकिएको छ । सार्वजनिक प्रशासनका सबै क्षेत्रमा नैतिकता प्रबद्र्धन गरी निष्पक्ष, पारदर्शी, जवाफदेही, मितव्ययी तथा जनउत्तरदायी शासकीय क्रियाकलाप सञ्चालन गर्ने योजना प्रस्ताव गरिएको छ ।
कर्मचारी तथा जनप्रतिनिधिको पेशागत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन, सार्वजनिक पदाधिकारीको नेतृत्व विकास, सार्वजनिक सेवालाई स्वच्छ बनाउने, सार्वजनिक गतिविधिमा नागरिकको सहभागिता, सशक्तीकरण, वित्तीय अनुशासन कायम गर्ने, आयोजना छनोट तथा कार्यान्वयनलाई वस्तुनिष्ठ बनाउने विषयलाई रणनीतिमा विशेष प्रथाथमिकता दिइएको छ ।

**भ्रष्टाचारविरुद्ध रचनात्मक क्रियाकलाप**

रणनीतिक योजनाअनुसार माध्यमिक तहका विद्यार्थीमा नैतिक मूल्यमान्यता तथा भ्रष्टाचारविरुद्धका विषयबारे सघन रूपमा जानकारी दिने र त्यसलाई ‘प्रजेक्ट वर्क’ का रूपमा समावेश गरिने छभने जनप्रतिनिधि तथा कर्मचारीको तालिम तथा क्षमता विकासका कार्यक्रममा नैतिकता प्रबद्र्धन हुनेगरी पाठ्यक्रम, तालिम सामग्री तयार गरिनेछ ।
त्यसैगरी,सार्वजनिक सेवामा अध्यात्मसम्बन्धी ज्ञान र पूर्वीय दर्शनको प्रभाव आन्तरिकीकरण गर्न लुम्बिनी बौद्ध विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय तथा प्रदेशस्थित अन्य धार्मिक एवं आध्यात्मिक संस्थासँग सहकार्य गरी कर्मचारी तथा जनप्रतिनिधिमा योग, ध्यान, सकारात्मक सोच विकासका व्यावहारिक अभ्याससहितका कार्यक्रमहरू सञ्चालन गर्ने, सदाचार र नैतिकता प्रवर्द्धनका लागि सञ्चारमाध्यमसँग सहकार्य गर्ने, खोज पत्रकारिताका माध्यमबाट अनियमितता उजागर गर्ने विषयलाई प्राथमिकतामा राखिएको छ । रासस

# ‘नेपालमा गर्व गर्न लायक रीतिरिवाज छन्’

**काठमाडौँ ।**
नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले विविधताले भरिएको हाम्रो समाजमा गर्व गर्न लायक अनेकन धार्मिक सांस्कृतिक रीतिरिवाज र परम्परा रहेको उल्लेख गरेका छन् । जितिया पर्वका अवसरमा उहाँले सम्पूर्ण थारू महिला दिदीबहिनीमा पार्टी र आफ्नो व्यक्तिगततर्फबाट सुख,शान्ति एवं समृद्धिको शुभकामना व्यक्त गर्दै उनले जितिया पर्वले जनजीवनमा गहिरो छाप र विशिष्ट पहिचान बनाएको उल्लेख गरे ।
यो पर्व नेपालको तराईमा विशेष गरेर थारू महिलाले निराहर व्रत बसेर परिवारका सदस्यको स्वास्थ्य तथा दीर्घायुको कामना गर्दै मनाउने गरिन्छ ।
साथै, उनले यो पर्वले सबैको घरपरिवारमा सुख, शान्ति र समृद्धिको वातावरण सिर्जना गर्दै आफ्ना धर्म, संस्कृति, रीतिरिवाज र परम्पराको संरक्षणमा लाग्न र सामाजिक सद्भाव अभिवृद्धि गर्न सबैलाई प्रेरित गर्न सकोस् भनी कामना व्यक्त गरेका छन् । रासस

# प्रधानमन्त्री र फिनल्याण्डका राष्ट्रपतिबीच भेटवार्ता



**न्युयोर्क ।**
संयुक्त राष्ट्रसङ्घको ७९ औँ महासभामा भाग लिने क्रममा अमेरिकाको न्युयोर्कमा रहेका प्रधानमन्त्री केपी शर्मा ओली र फिनयान्डका राष्ट्रपति अलेक्जेण्डर स्टबबीच भेटवार्ता भएको छ ।
उनीहरुबीच राष्ट्रसङ्घको मुख्यालयमा भेटवार्ता भएको हो ।
भेटका अवसरमा प्रधानमन्त्री ओलीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, परराष्ट्र मन्त्रालयका सचिव सेवा लम्साल, राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगका प्रमुख लोकबहादुर थापालगायत सहभागी थिए । यसैबीच, प्रधानमन्त्री ओली र सामोआका प्रधानमन्त्री फैमे नाओमी माताफाबीच पनि भेटवार्ता भएको छ ।
उनीहरुकाबीच राष्ट्रसङ्घका लागि सामाओको स्थायी नियोगमा भेटवार्ता भएको हो । भेटका अवसरमा प्रधानमन्त्री ओलीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, परराष्ट्र मन्त्रालयका सचिव सेवा लम्साल, राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगका प्रमुख लोकबहादुर थापा सहभागी थिए । रासस

# राष्ट्रपतिसमक्ष दलित आयोगको प्रतिवेदन



**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष राष्ट्रिय दलित आयोगको वार्षिक प्रतिवेदन पेस गरिएको छ ।राष्ट्रपति भवन शीतल निवासमा बुधबार आयोजित कार्यक्रममा राष्ट्रपति पौडेलसमक्ष आयोगका अध्यक्ष देवराज विश्वकर्माले नेपालको संविधानको धारा २९४ को उपधारा (१) बमोजिम आर्थिक वर्ष २०८०/८१ को आयोगको वार्षिक कामको प्रतिवेदन पेस गर्नुभएको राष्ट्रपतिको कार्यालयका प्रवक्ता शैलजा रेग्मी भट्टराईद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । रासस

# प्रधानमन्त्रीविरुद्ध सामाजिक सञ्जालमा भइरहेका गतिविधि देशहित विपरीतः पोखरेल



**सुदूरपश्चिम ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेलले प्रधानमन्त्री केपी शर्मा ओली विदेशमा रहेका बेला उहाँविरुद्ध सामाजिक सञ्जालमार्फत भइरहेका गतिविधि देशहित विपरीत र खेदजनक रहेको बताएका छन् ।
कैलालीको धनगढीमा बुधबार प्रेस चौतारी नेपालले गरेको पत्रकार सम्मेलनमा महासचिव पोखरेलले अमेरिका भ्रमणमा रहेका प्रधानमन्त्री ओलीविरुद्ध त्यहाँ कुनै प्रकारको विरोध प्रदर्शन नभएको र भ्रमण अत्यन्त सफल ढङ्गले भइरहेको स्पष्ट पारे । उनले भने, ‘प्रधानमन्त्री ओलीसँग संवाद गर्न अमेरिकाको बौद्धिक वर्ग लालायित देखिएको छ ।’
महासचिव पोखरेलले सहकारी प्रकरणका सन्दर्भमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेमाथि लागेको आरोपको अनुसन्धान रोक्न भइरहेका गतिविधि कानुनी राज्यमाथिको उपहास भएको बताए ।
उनले भने,‘सुशासनका कुरा गर्नेले अनुसन्धानको प्रक्रियामा जान नमान्ने कुरा उचित होइन, निःसर्त सहयोग गर्नुपर्छ ।’
मुलुकको लोकतन्त्रलाई सही दिशामा लैजानका लागि नेपाली कांग्रेस र नेकपा (एमाले) मिलेर सरकार गठन गरेको स्पष्ट पार्दै उनले भने,‘हामी संविधान कार्यान्वयनको एक दशकको समीक्षा गर्न चाहन्छौँ, संविधानका सबल पक्ष र कमजोर पक्ष खोज्न चाहन्छौँ ।’
पार्टी अध्यक्ष ओलीको नेतृत्वमा सरकार गठन भएपछि उद्योगी–व्यवसायीमा आशा जागेको, अर्थतन्त्रमा सुधारको लक्षण देखिएको, वैदेशिक लगानी भित्रिने क्रम सुरु भएको तथा लगानीको वातावरण बनेको महासचिव पोखरेलले बताए । रासस

# मन्त्री राणा र अमेरिकी उपमन्त्रीबीच भेट



**वासिङटन डिसी ।**
संयुक्त राष्ट्रसङ्घको ७९ औँ महासभामा भाग लिन गएकी परराष्ट्रमन्त्री डा.आरजु राणा देउवासँग अमेरिकाका राजनीतिक मामिलासम्बन्धी कार्यवाहक उपविदेश मन्त्री जोन वाससँग न्युयोर्कमा भेटघाट भएको छ ।
भेटका अवसरमा दुई देशबीच दशकौँदेखि रहँदै आएको सहकार्यलाई उच्चस्तरीय भेटघाटको आदानप्रदानले थप मजबुत बनाउन सहयोगी हुने विश्वास व्यक्त गरिएको थियो ।
मन्त्री राणाले अमेरिका नेपालको आर्थिक, विकास र व्यापारिक साझेदारीका लागि महत्वपूर्ण भएको उल्लेख गरेकी थिइन् ।
नेपाल र अमेरिकाबीच विगत ७७ वर्षदेखि निकट, आत्मीय र सहकार्यात्मक सम्बन्ध रहेको विषयमा उनीहरूको छलफल भएको थियो । नेपाली नियोगका अनुसार नेपाल र अमेरिकाले दुई देशबीच प्रजातन्त्र, मानव अधिकार र स्वतन्त्रता जस्ता विषयमा साझा मूल्यमान्यता रहेको विषयमा कुराकानी भएको थियो ।
मन्त्री राणाले दुई देशबीच विगत वर्षहरूमा हुँदै आएका विभिन्न तहको भ्रमणको आदानप्रदानले द्विपक्षीय सम्बन्धलाई थप प्रगाढ बनाउन प्रेरक भूमिका खेलेको बताइन् । उनले नेपालको आर्थिक तथा सामाजिक विकासमा अमेरिकी सरकारले पु¥याउँदै आएको सहयोगका लागि धन्यवाद दिइन् । मन्त्री राणाले अमेरिकी सहयोग नियोगले सन् २०२२ देखि २०२७ सम्ममा ६५ करोड ९० लाख अमेरिकी डलर नेपालको शिक्षाको गुणस्तर सुधारलगायत क्षेत्रमा खर्च गर्नेगरी प्याकेज कार्यक्रमसम्बन्धी गत वर्ष भएको सम्झौताको स्मरण गर्दै सहयोग निरन्तररूपमा प्राप्त हुने विश्वास व्यक्त गरिन् ।
हालै काठमाडौँमा दुई देशबीच सातौँ व्यापार तथा लगानी ‘फ्रेमवर्क’ सम्झौतासम्बन्धी काउन्सिलको बैठक सम्पन्न भएकामा उहाँले खुसी व्यक्त गरिन् । उनले नेपाल सन् २०२६ मा अल्पविकसित देशबाट मध्यमस्तरको विकासशील देशमा स्तरोन्नति हुने प्रक्रियालाई सरल परिवर्तन रणनीति अङ्गीकार गरेको र यो ऐतिहासिक कोसेढुङ्गालाई सार्थक तुल्याउन आवश्यक पर्ने स्रोत र आर्थिक साझेदारीका लागि अमेरिकाको सहयोगको आवश्यकता रहेको उल्लेख गरिन् । रासस

# अध्यागमनको छवि सुधार्न आवश्यक छः गृहमन्त्री लेखक



काठमाडौँ ।
गृहमन्त्री रमेश लेखकले अध्यागमन कार्यालयले आफ्नो छवि सुधार गर्न आवश्यक रहेको बताएका छन् । अध्यागमन कार्यालयका बारेमा नकरात्मक टिकाटिप्पणी हुने गरेको उल्लेख गर्दै उनले यसतर्फ सचेत हुन आग्रह गरे ।
त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयको स्थलगत निरीक्षण गर्दै गृहमन्त्री लेखकले अध्यागमन कार्यालयका बारेमा नागरिकको राम्रो बुझाइ नभएको उल्लेख गर्दै यहाँ हुने कुनै पनि किसिमका अवाञ्छनीय गतिविधि स्वीकार्य नहुने स्पष्ट पारे । विमानस्थलमा कार्यरत अन्य सरकारी संयन्त्रसित समन्वय गरेर काम गर्न् उनले अध्यागमनका कर्मचारीहरूलाई निर्देशन दिए ।
‘अन्तर्राष्ट्रिय विमानस्थल देशको ऐना हो, यहाँ आउने नागरिकले नेपाल हेर्ने यहीँ हो । बाहिर जाने नागरिकले पनि नेपालको व्यवहार देख्ने यहीँ नै हो’, गृहमन्त्री लेखकले भने । अध्यागमनका कर्मचारीको व्यवहार सौहार्दपूर्ण, सहिष्णु, नरम र सेवामुखी हुन जरुरी रहेको उनको भनाइ थियो ।
अध्यागमनका कर्मचारीहरूले अध्यागमन कार्यालयका लागि विमानस्थलभित्र ठाउँ अभाव र विभिन्न भौतिक संरचना सुधारको आवश्यकता रहेको उल्लेख गर्दै कर्मचारीलाई समयक्रमअनुसार तालिम तथा प्रशिक्षण आवश्यक रहेको गृहमन्त्री लेखकलाई अवगत गराएका थिए । गृहमन्त्री लेखकका साथमा गृहसचिव गोकर्णमणि दुवाडीसमेत रहेका थिए । रासस

# विकासका लागि राजनीतिक स्थिरता आवश्यकः उपप्रधानमन्त्री सिंह

**भक्तपुर ।**
उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले देशको सबै क्षेत्रको विकास, गतिशिलता र स्थिरताका लागि राजनीतिक स्थिरता आवश्यक रहेको बताएका छन् । भक्तपुरमा बुधबारदेखि सुरु ‘भक्तपुर सांस्कृतिक, पर्यटन तथा व्यापार महोत्सव’को उद्घाटन गर्दै उपप्रधानमन्त्री सिंहले राजनीतिक स्थिरताका लागि नै नेपाली कांग्रेस र नेकपा (एमाले)सहितको गठबन्धनको सरकार बनेको बताए ।
कार्यवाहक प्रधानमन्त्रीसमेत रहेका उनले भने,‘गत निर्वाचनको परिणामले नौ÷नौ महिनामा सरकार परिवर्तन हुँदा जनतामा निराशा छायो, जनताले निराश अभिव्यक्ति र भाष्य दिन थाले । त्यसैले राजनीतिक स्थितिरता कायम गर्दै अर्थतन्त्रलाई गतिशिल बनाउन तथा राजनीतिक स्थिरता र स्थायित्व ल्याउन कांग्रेस र एमालेको सरकार बनेको हो ।’
अहिलेको सरकारले जनताको पक्षमा काम गर्न थालेको, संसद्मा अड्किएर रहेका विधेयक पास हुन थालेका भन्दै समग्र अर्थतन्त्रलाई गतिशिल बनाउने गरी सरकारले काम गरिरहेकाले व्यवसायीलाई ढुक्क भएर लगानी गर्न उनले आग्रह गरे । उपप्रधानमन्त्री सिंहले सरकारले संविधानको मर्म र भावनाविपरीत कुनै पनि निर्णय नगर्ने, संविधानले दिएको कसैको पनि अधिकार नखोस्ने उल्लेख गरे ।
सरकारले कानून बनाउने, कार्यान्वयनमा ल्याउने र देशमा कानुनी राज्यको प्रत्याभूति दिँदै सुशासन कायम राख्ने उल्लेख गर्दै उपप्रधानमन्त्री सिंहले भने, ‘यो सरकारले कानूनी राज्य स्थापित गराउँछ, अरुलाई कानून लाग्ने तर आफूलाई कानुन नलाग्ने भन्ने हुँदैन, अब मलाई कानुन लाग्दैन भनेर कसैले ठूलो स्वरले उफ्रिएर कराउँदैमा हुँदैन, सबैलाई कानून बराबर हुन्छ ।’ सल्लाघारीको नेपाल ट्रष्टको नाममा रहेको एक सय आठ रोपनी जग्गामा सबैको आँखा परेको सन्दर्भ कोट्याउँदै उनले चेम्बरले मात्रै होइन,अस्पताल, मेडिकल कलेजलगायत धेरै प्रयोजनका लागि सो जग्गा माग भए पनि स्थानीय जनता, राजनीतिक दल र सरोकार सबै पक्षको छलफलबाट मात्रै यसको निर्णय गरिने बताए । रासस

# ‘आइसिसी’को वरियतामा नेपाल एक स्थान तल

**काठमाडौँ ।**
अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसीले)ले सार्वजनिक गरेको एकदिवसीय नयाँ वरियतामा नेपाल एक स्थान तल झरेको छ ।

आइसिसीको नयाँ वरियताका अनुसार नेपाल एक स्थान तल झर्दै १७ औँ स्थानमा पुगेको हो । यसअघि नेपाल १६औँ स्थानमा थियो । क्यानडामा भएको आइसिसी विश्वकप लिग–२ अन्तर्गत त्रिकोणात्मक सिरिजमा ओमान र क्यानडाविरूद्धको खेलमा नेपाल जितविहीन बनेको थियो ।

नेपालभन्दा तल नामिबिया १८ औँ स्थानमा छ भने ओमान १९ औँ स्थानमा छ । त्यसैगरी संयुक्त अरब इमिरेट्स (युएई) २०औँ स्थानमा छ । यसैगरी नेपालभन्दा माथि अमेरिका रहेको छ । अमेरिकाले एक स्थान सुधार गर्दै १६औँ स्थानमा उक्लेको हो । क्यानडाले चार स्थान सुधार गर्दै १५ औं स्थानमा पुग्यो ।

नयाँ वरियता अनुसार भारत शीर्ष स्थानमा रहँदा अस्ट्रेलिया दोस्रो तथा दक्षिण अफ्रिका तेस्रो स्थानमा छ । त्यसैगरी पाकिस्तान चौथो, न्यूजील्याण्ड पाँचौँ, श्रीलङ्का छैटौं, इङ्ग्ल्याण्ड सातौँ, बङ्गलादेश आठौँ, अफगानिस्तान नवौँ र वेस्ट इन्डिज दशौँ स्थानमा छ । स्कटल्यान्ड एघार, आयरल्यान्ड बाह्र, जिम्बाब्वे तेह्र र नेदरल्याण्ड्स चौधौँ स्थानमा छ ।

त्यसैगरी आइसिसीले जारी गरेको ‘अलराउन्डर’तर्फको वरियतामा नेपालका सन्दीप लामिछाने २२ स्थान सुधार गर्दै ४१औँ स्थानमा उक्लिएका छन् । अलराउन्डरतर्फ नै तीव्र गतिका बलर करण केसीले ११ स्थान सुधार गर्दै ७६औँ स्थानमा उक्लिएका छन् । अर्का तीव्र गतिका बलर गुलसन झा १३ स्थान सुधार गर्दै ९१औँ स्थानमा उक्लिएका छन् । अलराउन्डर वरियतामा नेपालका दीपेन्द्र सिंह ऐरी ४८औँ, कुशल मल्ल ५१औँ तथा सोमपाल कामी ५३ औँ स्थानमा छन् । आइसिसीले जारी गरेको बलिङतर्फको वरियतामा भने सन्दीप ४८औँ स्थानमा यथावत् रहेका छन् । करणले चार स्थान सुधार गर्दै ८७औँ स्थानमा उक्लिएका छन् । ब्याटिङतर्फको वरियतामा आसिफ शेख ११ स्थान तल झर्दै ७९औँ स्थानमा पुगेका छन् । यसैगरी कुशल भुर्तेल चार स्थान तल झर्दै ८०औँ स्थानमा रहेका छन् । रासस

# ‘आर्थिक वृद्धि र जीवनस्तर सुधारका लागि यातायात पूर्वाधार’

**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आर्थिक वृद्धि तथा नागरिकको जीवनस्तरमा सुधार ल्याउन यातायात पूर्वाधार अत्यावश्यक रहेको बताएका छन् । चीनको राजधानी बेइजिङमा आयोजित ‘ग्लोबल सस्टेनबल ट्रान्सपोर्ट फोरम’ लाई सम्बोधन गर्नुहुँदै अर्थमन्त्री पौडेलले दिगो एवं भरपर्दो यातायात प्रणालीको विकास र उपयोगप्रति नेपालको दरिलो प्रतिबद्धता रहेको र यस क्षेत्रमा नेपालले काम गरिरहेको बताए ।

नेपालको भौगोलिक अवस्था अनुसार सडक सञ्जालको अतिरिक्त रेलमार्ग, हवाई यातायात तथा आधुनिक पोडवेको महत्त्व रहेको उल्लेख गर्दै उनले दिगो यातायात पूर्वाधार विकासका लागि स्वदेशी तथा वैदेशिक लगानी विस्तार गर्ने आवश्यक रहेको धारणा व्यक्त गरे । यातायात पूर्वाधार विकासबाट आमनागरिकको जीवनयापन र आवागमनमा सहजता पुग्नेमात्र नभई नेपालको अन्तर्राष्ट्रिय व्यापार प्रतिस्पर्धी बन्दै जाने, स्वदेशी उत्पादनले मुलुकभित्र तथा अन्तर्राष्ट्रिय बजारमा सहज पहुँच प्राप्त गर्ने अर्थमन्त्री पौडेलको भनाइ छ । उनले व्यवस्थित सहरीकरण तथा बस्ती विकाससहित सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्नमा पनि योगदान पुग्ने विचार व्यक्त गरे । अर्थमन्त्री पौडेलले वातावरणमैत्री एवं दिगो यातायातका लागि विद्युतीय सवारीसाधनको प्रयोग विस्तार गर्ने नेपालको नीति रहेको जानकारी गराए । यसका लागि विद्युतीय सवारीको आयातमा राजस्व सहुलियतसहित यससम्बन्धी पूर्वाधार निर्माणका कार्य अगाडि बढाइएको, मुलुकभित्रै विद्युतीय सवारीसाधनको उत्पादनका लागि अन्तर्राष्ट्रिय प्रविधि तथा लगानी आकर्षित गर्ने उनको भनाइ छ ।

बुधबारदेखि सुरु भएको ‘ग्लोबल सस्टेनबल ट्रान्सपोर्ट फोरम’को कार्यक्रममा नेपाललगायत विभिन्न देशका उच्च राजनीतिक तहका प्रतिनिधिमण्डलको सहभागिता छ । नेपालकोतर्फबाट अर्थमन्त्री पौडेलसहित चीनका लागि नेपालका कार्यवाहक राजदुत सुरेन्द्र यादव, अर्थ मन्त्रालयका सहसचिव एवं प्रवक्ता महेश भट्टराईलगायत अधिकारीहरू सहभागी छन् । रासस

# उपभोक्ता मूल्य सूचकाङ्क गणनाको आधार वर्ष फेरियो

**काठमाडौँ ।**
नेपाल राष्ट्र बैङ्कले उपभोक्ता मूल्य सूचकाङ्क गणनाको आधार वर्ष फेरेको छ । आर्थिक वर्ष २०८०/८१ लाई आधार वर्ष मानेर राष्ट्र बैङ्कले आधार वर्ष फेरेको हो ।

नयाँ मूल्य सूचकाङ्कमा एक सय ३६ नयाँ वस्तु थपिएको छ । राष्ट्र बैङ्कले बुधबार पत्रकार सम्मेलन गरेर नयाँ सूचकाङ्क अनुसार पाँच सय २५ वस्तु कायम रहने जानकारी गराएको हो ।

यसअघि राष्ट्रबैंकले आर्थिक वर्ष २०७०÷७१ लाई आधार मानेर उपभोक्ता मूल्य सूचकाङ्क सार्वजनिक गर्दै आएको थियो ।

राष्ट्र बैङ्कको अनुसन्धान विभागका कार्यकारी निर्देशक डा गुणाकर भट्टले नयाँ मूल्य सूचकाङ्कमा राष्ट्र बैङ्कको प्रयोगमा नआएका एक सय छ वस्तु हटाएर एक सय ३६ नयाँ वस्तु थप गरिएको जानकारी दिए ।

निर्देशक भट्टले भने, ‘यसअघि उपभोक्ता मूल्य सूचकाङ्कको बास्केटमा ४८० वस्तु रहेको थियो, अब नयाँ सूचकाङ्कमा ५२५ वस्तु कायम गरिएको छ ।’ उनले अब कतिपय वस्तुहरूका समूहसमेत परिवर्तन गरिएको जानकारी दिए ।

नयाँ मूल्य सूचकाङ्कले नेपालको मुद्रास्फीति थप अनुमानयोग्य हुने भन्दै उनले अनुसन्धानकर्ता तथा यसको प्रयोगकर्ताका लागि उपयोगी हुने दाबी गरे । राष्ट्र बैङ्कले राष्ट्रिय तथ्याङ्क कार्यालय र त्रिभुवन विश्वविद्यालयको तथ्याङ्क विभागको सहयोगमा १० वर्षअगाडिको पुरानो सर्वेक्षणलाई हटाएर नयाँ मूल्य सूचकाङ्क सार्वजनिक गरौँ भनेको निर्देशक भट्टले बताए । नयाँ मूल्य सूचकाङ्क सार्वजनिक भएपछि तथ्याङ्कलाई थप पारदर्शी र यथार्थपरक बनाउन सहयोग पुग्ने उनले विश्वास व्यक्त गरे ।

गभर्नर महाप्रसाद अधिकारीले मुद्रास्फीतिको तथ्याङ्क र बजारको महँगी मेल नखाने गरेको गुनासोलाई सम्बोधन गर्नका लागि नयाँ तथ्याङ्कले सहयोग गर्ने विश्वास व्यक्त गरे ।

‘नेपाली बजारका वस्तुको मूल्यमा भएको परिवर्तन र राष्ट्र बैङ्कले सार्वजनिक गर्ने तथ्याङ्क नमिल्ने भन्ने गुनासो आउनु स्वाभाविक हो, कहिलेकाहीँ कुनै घटनाले तथ्याङ्कअनुसार मूल्य मिल्दैन’ उनले भने,‘जस्तो केही कारण काठमाडौँ छिर्ने मालवाहक सवारी साधन रोकियो कुनै पनि सामानको मूल्य बढ्न गई त्यसको ‘रिफलेक्सन’ राष्ट्र बैङ्कको तथ्याङ्कमा देखिँदैन ।’ रासस

# नेपाल उज्वेकिस्तानसँग पराजित



**काठमाडौँ ।**
एफसी यू–२० एसियन कप छनोटअन्तर्गतको आफ्नो तेस्रो खेलमा नेपाल उज्बेकिस्तानसँग पराजित भएको छ ।

चाइनिज ताइपेको न्यू ताइपेई सिटीमा बुधबार भएको खेलमा नेपाल उज्वेकिस्तानसँग ६–० गोलअन्तरले पराजित भएको हो । खेलको २४ र २७ औँ मिनेटमा उज्वेकिस्ताका साइदनुरल्लायभले दुई गोल गरे । त्यस्तै, खेलको २९ औँ मिनेटमा नुर्लान इब्राइमोभले गोल गरेपछि उज्वेकिस्तानले पहिलो हाफमा ३–० को अग्रता बनायो ।

त्यसपछि खेलको दोस्रो हाफमा पनि उज्वेकिस्तानले तीन गोल नै थप्यो । उज्वेकिस्तानका लागि मिर्जाएभले ६८औँ मिनेटमा गोल गरे भने खेलको ८८ औँ मिनेटमा मेयिरबेक रेजाबालिएभल एक गोल गरे ।

खेलको ९०औँ मिनेटमा अब्दुगाफुर हेदारोभले गोल गरेसँगै उज्वेकिस्तानले नेपालमाथि ६–० गोलको जित निकाल्यो ।

एसियन छनोटमा समूह ‘बी’मा रहेको नेपालको यो दोस्रो हार हो । पहिलो खेलमा कम्बोडियासँग नेपाल ४–१ गोलअन्तरले पराजित भएको थियो । नेपालले दोस्रो खेलमा घरेलु टोली चाइनिज ताइपेईलाई ३–१ गोलअन्तरले पराजित गरेको थियो ।

यता उज्वेकिस्तानको यो लगातार दोस्रो जित हो । उज्वेकिस्तानले पहिलो खेलमा कम्बोडियालाई ७–० गोलअन्तरले पराजित गरेको थियो । लगातार दुई खेल जितेको उज्वेकिस्तान ६ अङ्क जोडेको छभने तीन खेलको नेपालको तीन अङ्क नै रहेको छ ।

नेपालले समूह चरणको आफ्नो अन्तिम खेल यही असोज ११ गते बहराइनसँग खेल्नेछ । समूह ‘बी’ मा नेपालसहित उज्वेकिस्तान, बहराइन, चाइनिज ताइपेई र कम्बोडिया रहेका छन् । आगामी सन् २०२५ मा हुने एएफसी यू–२० एसियन कप छनोटमा कुल ४५ राष्ट्रको सहभागिता रहेको छ । जसलाई विभिन्न दश समूहमा विभाजन गरिएको छ । प्रत्येक समूहको विजेता र उत्कृष्ट पाँच उपविजेता यू–२० टोली एसियन कपमा छनोट हुनेछन् । रासस

# चितवन खाद्यान्नमा आत्मनिर्भर

**चितवन ।**
चितवनमा स्थायी बसोबास गर्ने जनसङ्ख्यालाई आवश्यक पर्ने खाद्यान्नमा चितवन आत्मनिर्भर रहेको छ । धान, मकै, गहुँ, कोदो, फापरलगायत खाद्यान्न बालीमा जिल्ला आत्मनिर्भर भएको हो । कृषि विकास कार्यालयका प्रमुख झलकनाथ कँडेलका अनुसार यहाँ ३७ हजार ११८ हेक्टर क्षेत्रफलमा धानखेती गरिँदै आएको छ । यस्तै, १७ हजार ११० हेक्टर क्षेत्रफलमा मकै, चार हजार ९४१ हेक्टर क्षेत्रफलमा गहुँ, एक हजार ५० हेक्टर क्षेत्रफलमा कोदो र फापर लगाउने गरिएको उनले बताए ।

उनका अनुसार सबै उत्पादन दुई लाख ५२ हजार ८४५ मेट्रिक टन खाद्यान्न जिल्लामा उत्पादन हुँदै आएको छ । त्यसमा धान एक लाख ६७ हजार ३३ मेट्रिक टन, मकै ६८ हजार ५९१ मेट्रिक टन, गहुँ १६ हजार १३ मेट्रिक टन, कोदो र फापर एक हजार २०८ मेट्रिक टन उत्पादन हुने गरेको कँडेलले जानकारी दिए ।

आर्थिक वर्ष २०८१÷८२ को कार्यक्रम सार्वजनिक तथा आर्थिक वर्ष २०८०÷८१ को प्रगति समीक्षा कार्यक्रममा कँडेलले सो तथ्याङ्क सार्वजनिक गरेका हुन् । राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार जिल्लामा सात लाख १९ हजार ८५९ जना स्थायी रूपमा बसोबास गर्ने रहेका छन् । त्यसले एक लाख ४० हजार १९ मेट्रिक टन खाद्यान्न खपत गर्ने गरेको सो अवसरमा जानकारी गराइयो । त्यसमध्ये धान ९८ हजार २७४ मेट्रिक टन, मकै २६ हजार ७७७ मेट्रिक टन, गहुँ १३ हजार ८८८ मेट्रिक टन, कोदो र फापर एक हजार ८० मेट्रिक टन उपभोग भएको कँडेलले बताए । उनका अनुसार दुई हजार ५२६ दशमलव ३० मेट्रिक टन प्रशोधित खाद्यान्न बचत हुने गरेको छ । जिल्लामा स्थायी बसोबास गर्ने जनतालाई आफ्नो उत्पादनले खान पुग्ने जनाउँदै उनले अस्थायी रूपमा बसोबास गर्नेहरूको हकमा बाहिरबाट ल्याउनुपर्ने बताए । रासस

# निगमले विभिन्न ठाउँबाट अन्तर्राष्ट्रिय टिकट बिक्री गर्ने




**काठमाडौँ ।**
नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले विराटनगर, पोखरा र नेपालगञ्जबाट पनि अन्तर्राष्ट्रिय उडानका टिकट बिक्री गर्ने भएको छ ।

निगमले नजिकिएको बडादसैँ, तिहार तथा छठ पर्वजस्ता चाडपर्वको समयमा यात्रुको सहजताका लागि ती स्थानबाट टिकट बिक्रीको व्यवस्था मिलाएको हो । निगमले अन्तर्राष्ट्रिय उडानका लागि काठमाडौँ बाहिर भैरहवास्थित निगमको कार्यालयबाट मात्र टिकट बिक्री गर्दै आइरहेको थियो ।निगमका प्रवक्ता रमेश पौडेलका अनुसार चाडपर्वपश्चात् पनि विराटनगर, पोखरा र नेपालगञ्ज कार्यालयबाट टिकट वितरण गर्नेगरी व्यवस्था मिलाउनेछ । उक्त व्यवस्थापनका लागि निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले सम्बन्धित विभागीय प्रमुखलाई निर्देशन दिएका छन् । ‘आगामी बडादसैँ, तिहार तथा छठ पर्वजस्ता चाडपर्वको समयमा र सो पश्चात् समेत निरन्तर रहने गरी नेपाल वायुसेवा निगमका उडानहरुबाट यात्रा गर्न सहज रुपमा टिकट प्राप्त होस् भनी निगमका विराटनगर, पोखरा र नेपालगञ्ज स्थित कार्यालयहरुबाट बिक्री गर्ने व्यवस्था मिलाउन र यसलाई प्रभावकारी रुपमा लागू गर्न निर्देशन दिइएको छ’ विज्ञप्तिमा भनिएको छ ।

साथै, यात्रुहरुले आफ्नो मोबाइलबाट वा निगमको‘वेब–साइट’बाट ‘अनलाइन टिकट’लिन सकिने व्यवस्था रहेकामा स्थानीय ठाउँबाट समेत सेवा दिँदा सेवाग्राहीले अझ प्रभावकारी ढङ्गले टिकेटिङको सेवा लिने निगमको विश्वास छ । रासस

# नेप्से परिसूचकमा ४९ अङ्कको वृद्धि




**काठमाडौँ ।**
धितोपत्र बजारमा बुधबार शेयर कारोबार मापक नेप्से परिसूचक ४९ दशमलव १८ अङ्कले बढेको छ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से)का अनुसार परिसूचक ४९ दशमलव १८ अङ्कले उकालो लागेर दुई हजार पाँच सय १९ दशमलव ५७ विन्दुमा सीमित भएको हो ।

अघिल्लो दिन पाँच अर्ब ६८ करोड ९५ लाख ६१ हजार तीन सय ५६ रुपैयाँ मूल्यमा खरिद बिक्री भएकामा बुधबार भने चार अर्ब ८१ करोड ३२ लाख २३ हजार चार बराबरको कारोबार भएको छ ।

कुल एक करोड २४ लाख ९४ हजार नौ सय ८९ कित्ता शेयर खरिदबिक्री हुँदा अघिल्लो दिनको तुलनामा शेयर करोबार भने खुम्चिएको नेप्सेले जनाएको छ ।

बुधबार बैङ्किङ १.८, विकास बैङ्क २.७५, फाइनान्स ३.८०, होटल तथा पर्यटन ३.५०, हाइड्रोपावर २.६०, लगानी १.५६, जीवन बीमा १.९१, उत्पादन १.४४, माइक्रोफाइनानस १.४९, निर्जीवन बीमा १.६७, अन्य १.७५ र व्यापार समूह १.७८ प्रतिशत बढेको थियो । विन नेपाल लघुवित्त, न्यादी हाइड्रोपावर, युनिक नेपाल लघुवित्त, सगरमाथा जलविद्युत् र थ्रीस्टार हाइड्रोपावरको शेयर मूल्य १० प्रतिशत बढेको नेप्सेले जनाएको छ । रासस

# आर्थिक न्याय माग्दै दलित नागरिक समाजको प्रदर्शन




**काठमाडौँ ।**
आर्थिक न्याय र सामाजिक सुरक्षाको माग गर्दै दलित नागरिक समाज तथा विभिन्न सङ्घसंस्थाका प्रतिनिधिले माइतीघरमण्डलामा प्रदर्शन गरेका छन् ।

‘एशिया दलित राइटस् फोरम’को आयोजनामा भएको उक्त प्रदर्शनमा दलित समुदायलाई आर्थिकरुपमा सबल बनाउन राज्यले प्रभावकारी नीति र योजना ल्याउनुपर्ने माग राखिएको छ ।

प्रदर्शनमा एशिया दलित अधिकार मञ्चका महासचिव भक्त विश्वकर्माले सामाजिक न्यायबिना आर्थिक समानता सम्भव नहुने र सामाजिक सुरक्षा, स्वास्थ्यको अधिकार, वातावरणीय न्याय, जातीय विभेदको अन्त्य नभएको भन्दै दलित समुदायको अधिकारका लागि एकीकृत आन्दोलन आवश्यक रहेको बताए ।

प्रदर्शनमा गैरसरकारी संस्था महासङ्घका कार्यक्रम व्यवस्थापक अभिषेक साह,जागरण मिडिया सेन्टरकी अध्यक्ष कमला विश्वकर्मा, दलित सेवा सङ्घका सञ्जुसिंह विश्वकर्मा, राष्ट्रिय नेपाल दलित कल्याण सङ्घ सिरहाका अध्यक्ष मोहन पासवान, र दलित महिला केन्द्र नेपालकी अध्यक्ष लक्ष्मी परियारलगायतका वक्ताहरुले आफ्ना धारणा राखेका थिए ।

प्रदर्शनकारीले जातीय विभेद, सामाजिक सुरक्षा, स्वास्थ्य अधिकार, खाद्य सङ्कट र वातावरणीय समस्याको समाधानका लागि राज्यले तत्काल कदम चाल्नुपर्ने मागसहितका ब्यानर र प्लेकार्ड बोकेका थिए ।

एशिया दलित अधिकार मञ्चकासँगै गैरसरकारी संस्था महासङ्घ,नेपाल,दलित गैरसरकारी संस्था महासङ्घ, नेपाल राष्ट्रिय दलित समाजकल्याण सङ्घ, दलित महिला सङ्घ, समन्यायिक समाज नेपाल, राष्ट्रिय दलित नेटवर्क, जागरण मिडिया, समता फाउण्डेशनलगायत सङ्घसंस्थाले पनि प्रदर्शनमा एक्यबद्धता जनाउँदै भाग लिएका थिए ।

प्रदर्शनकारीले आर्थिक न्यायबिना सामाजिक न्याय सम्भावना नरहेकाले दलित समुदायको आर्थिक उत्थानका लागि राज्यको ठोस नीति र कार्यान्वयनको माग गरेका छन् । रासस

# लगानी विविधीकरण कोषको मुख्य 'एजेन्डा'



*वित्तीय क्षेत्रमा लामो अनुभव सम्हालेका पर्वतकुमार कार्की नेपाल राष्ट्र बैङ्कमा तीसवर्षे सेवा पूरा गरी कार्यकारी निर्देशकबाट सेवा निवृत्त भएका हुन् । राष्ट्र बैङ्कबाट सेवा निवृत्त भएपश्चात् कार्कीले साबिकको ग्रामीण विकास बैङ्कको प्रमुख कार्यकारी अधिकृतका रुपमा चार वर्ष र कोषमा आउनुअघि किसान लघुवित्त वित्तीय संस्था लिमिटेडको प्रमुख कार्यकारी अधिकृतका रुपमा कार्य गरेका थिए । प्रस्तुत छ, कोषका कार्यकारी निर्देशक कार्कीसँग गरिएको कुराकानीको सम्पादित अंश ।*

**कोषले २९औँ वार्षिक साधारणसभा केही समयअघि सम्पन्न गरेको छ । साधारणसभाले के सन्देश दिएको छ ?**

कोषले हालका वर्षमा साधारणसभा नियमित रुपमा गर्दै आइरहेको छ । आर्थिक वर्ष २०७९/८० को वार्षिक साधारणसभा असार मसान्तभित्रै सम्पन्न गरेको छ । यो कोषको २९औँ साधारणसभा हो । साधारणसभाले १४ प्रतिशत बोनस शेयर र कर प्रयोजनको लागि ०.७३६८ प्रतिशत नगद लाभांश पारित गरेको छ । कोषको ३३ वर्षको इतिहास सन्तोषजनक रहेको छ । कोषले नियमित रुपमा आफ्ना शेयरधनीहरुलाई उचित प्रतिफल दिँदै आएको छ । एक करोड ४४ लाखको चुक्ता पुँजीबाट स्थापना भएको कोषको पुँजीमा धेरै ठूलो वृद्धि भएको छ । कोषले आव २०७९/८० वितरण गरेको बोनश शेयरपश्चात कोषको चुक्ता पुँजी छ अर्ब पाँच करोड रुपैयाँ पुगेको छ ।

**अहिले कोषले के कस्ता योजनाहरु सञ्चालन गरिरहेको छ ?**

कोषले अवकाश कोष व्यवस्थापन तथा सामाजिक सुरक्षाका सम्बन्धमा विगतदेखि नै काम गर्दै आइरहेको छ । कोषले सञ्चालन गरेका कार्यक्रमरुमा कर्मचारी बचत वृद्धि अवकाश कोष, नागरिक पेन्सन योजना, उपदान कोष, लगानीकर्ता हिसाब योजना, बीमा कोषलगायतका योजना रहेका छन् ।

कोषले साना तथा मझौलास्तरका बचतकर्ताहरुको बचत परिचालन गरी अधिकतम प्रतिफलको अवसर प्रदान गर्ने उद्देश्यका साथ कर्मचारी बचत वृद्धि लगायतका योजना सञ्चालन गरेको छभने सार्वजनिक संस्थान र अन्य सङ्गठित सङ्घसंस्थालाई आफ्नो दीर्घकालीन दायित्व व्यवस्थापनका लागि क्रमिक रुपमा कोषमा रकम जम्मा गर्न प्रोत्साहित गर्ने, सरकारी क्षेत्रका साथै अन्य क्षेत्रमा समेत सामाजिक सुरक्षा प्रदान गर्ने लगायतका कार्य गर्दै आइरहेको छ ।

यसका अतिरिक्त आम नेपाली नागरिकलाई समेट्ने गरी नागरिक पेन्सन योजनासमेत सञ्चालनमा ल्याएको छ । साथै, पुँजी बजारको विकासमा सघाउ पुग्नेगरी पुँजी बजारसम्बन्धी विभिन्न गतिविधिहरुमा समेत कोष संलग्न रहेको छ ।

**सहभागीलाई दिने सेवालाई कसरी चुस्त राख्नु भएको छ ?**

कोषले आफ्नो सेवालाई प्रभावकारी बनाउन यान्त्रिकीकरणमा विशेष जोड दिएको छ । कोषको हिसाबकिताबलाई चुस्तदुरुस्त राख्न अटोमेसनलाई कोषले विशेष प्राथमिकतामा राखेको छ । कोषको काम कारबाहीलाई बढीभन्दा बढी यान्त्रिकीकरण गर्न कोषले डिजिटलाइजेसनलाई विशेष महत्वका साथ अघि बढाएको छ । यसबाट क्रमिक रूपमा कागजरहित सेवा बढाउँदै लान मद्दत मिल्नेछ । हालै सेवाग्राहीलाई अनलाइन पेमेन्ट तथा सूचना लिने सुविधाका लागि कोषले सिआइटी स्मार्ट मोबाइल एप विकास गरी कार्यान्वयनमा ल्याएको छ । यो एप डाउनलोड गरेर सेवाग्राहीले विभिन्न किसिमका सेवा र सुविधा लिन सक्नेछन् । सेवाग्राहीबाट सङ्कलन हुने रकमलाई सरकारको केन्द्रीय लेखा प्रणाली, स्थानीय निकायहरुलाई समेटेर बनाएको प्रणालीको माध्यमबाट रकम जम्मा गर्ने पूर्वाधार विकास गरिएको छ । सहभागीलाई ऋणको किस्ता भुक्तानीलगायतका सेवा अनलाइनबाट उपलब्ध गराउने व्यवस्था कार्यान्वयनमा ल्याउन प्राथमिकताका साथ कार्य भइरहेको छ । सहभागीहरुलाई डिजिटल परिचयपत्र दिनेतर्फ समेत कोषले कार्य गरिरहेको छ ।

**कोषले कुन क्षेत्रमा कति लगानी गरिरहेको छ ?**

गत आवको असार मसान्तसम्म कोषमा २४९ अर्ब कोष मौज्दात जम्मा भएको छ । सो समयमा कोषको लगानी २४३ अर्ब रुपैयाँ रहेको छ । त्यसमध्ये करिब ५३ प्रतिशत रकम वाणिज्य बैङ्कहरुको मुद्दती निक्षेपमा लगानीमा रहेको छ । करिब २२ प्रतिशत सहभागी कर्जाका रुपमा लगानी छभने संस्थागततर्फ कोषको कर्जाको अंश करिब ११ प्रतिशत रहेको छ । सरकारी ऋणपत्र, सङ्गठित संस्थाको शेयर धितोपत्र र बण्डलगायतमा कोषले करिब १३ प्रतिशत लगानी गरेको छ । यसका अतिरिक्त कोषले पुँजी बजारतर्फ दोस्रो बजारमा पनि नियमित रुपमा लगानी गरिरहेको छ । लगानीको तथ्याङ्क हेर्दा कोषको लगानी अझै पनि निक्षेपतर्फ बढी देखिन्छ । यसलाई विविधीकरण गर्न कोष विशेष रुपमा प्रयत्नशील रहेको छ ।

**कोषले आम नागरिकलाई कसरी समेटिरहेको छ ?**

कोषका योजनाहरुमध्ये धेरैजसो योजनहरु राष्ट्रसेवक कर्मचारी, विभिन्न सङ्घसंस्थामा कार्यरत कर्मचारी लक्षित रहेका हुँदा आम नागरिकलाई समेत समेट्ने गरी कोषले विगत केही वर्षदेखि नागरिक पेन्सन योजना सञ्चालनमा ल्याएको छ । यस योजनामा मुलुकभर बस्ने दूरदराज, गाउँठाउँका नागरिकलाई समेत समेट्ने लक्ष्यसहित योजना सञ्चालनमा ल्याइएको हो । यसका अतिरिक्त विदेशमा रहेका, वैदेशिक रोजगारीमा जाने नेपाली दाजुभाइ, दिदीबहिनीलाई पनि उहाँहरुले कमाएको केही पैसा अवकाश कालमा सदुपयोग होस् भनी त्यस्ता वर्गलाई कोषमा समाहित गर्ने लक्ष्यसमेत नागरिक पेन्सन योजनामा रहेको छ ।

यस योजनामा न्यूनतम पाँच सय रुपैयाँ मासिक बुझाएर कार्यक्रममा सहभागी हुनसक्ने व्यवस्था रहेको छ । उहाँहरुले सक्रिय जीवनमा कमाएर यस योजनामा जम्मा गरेको रकम बचतकर्ताको उमेर ६० वर्ष पूरा भएपछि १५ वर्ष योगदान गरेको अवस्थामा वा बचत कर्ताको १५ वर्ष बचत नगर्दै ६० वर्ष उमेर पूरा भएमा उहाँहरुको इच्छाअनुसार मासिक पेन्सनका रुपमा उपलब्ध गराउने वा एकमुष्ट रकम भुक्तानी दिने व्यवस्था कोषले मिलाएको छ । यो योजनालाई प्रभावकारी बनाउन चालु आवको सुरुआतदेखि नै स्थानीय निकायसँग समेत समन्वय गरेर आम नागरिकलाई कार्यक्रममा समावेश गर्ने सोचाइ राखेका छौँ । यसैगरी, वैदेशिक रोजगारमा रहनुभएका र वैदेशिक रोजगारमा जानुहुने नेपाली नागरिकलाई यस कार्यक्रममा आकर्षित गर्न प्रचारप्रसार गर्ने, उहाँहरुसँग अन्तरक्रियात्मक कार्यक्रम गर्ने योजना बनाइएको छ । सबै नेपालीहरुले सहभागिता जनाउन सक्ने कोषले सञ्चालन गरेको अर्को कार्यक्रम नागरिक एकाङ्क योजना पनि हो ।

**लगानी कोष, सञ्चय कोष र सामाजिक सुरक्षा कोष जस्ता फरकफरक संस्था आवश्यक थियो र ?**

यी संस्थाहरुको कतिपय कार्य समान प्रकृतिका भए पनि यी संस्थाहरु भिन्न समयमा भिन्न उद्देश्यका साथ स्थापना भएका हुन् । यी संस्थाहरुले हाल सञ्चालन गर्दै आएका केही कार्यहरु मिल्दाजुल्दा प्रकृतिका छन् । पछिल्लो समय कतिपय प्रसङ्गमा यी संस्थाहरुलाई गाभेर एउटै संस्था बनाउँदा के हुन्छ भन्ने धारणा पनि आउने गर्दछ । सञ्चय कोष राष्ट्र सेवक कर्मचारीहरुसँग लक्षित रहेको छ । सामाजिक सुरक्षा कोष भने औपचारिक र अनौपचारिक क्षेत्रमा रहेका श्रमिकहरुलाई लक्षित गरी योगदानमा आधारित सामाजिक सुरक्षासम्बन्धी कार्यमा रहेको छ । लगानी कोषले भने विशिष्टीकृत ढङ्गले काम गर्ने क्षेत्र पहिचान गर्दै नयाँ कार्यक्रम/योजना सञ्चालन गरेर स्वेच्छिक प्रकारको अवकाश योजनाहरु सञ्चालन गर्ने, राष्ट्रसेवक कर्मचारीहरुका लागि योगदानमा आधारित सावधिक जीवन बीमा कोष सञ्चालन गर्ने र पुँजी बजारको विकासका लागि आवश्यक कार्य गर्ने गर्दछ । यी तीनवटै संस्थाहरु नेपाल सरकारको समेत स्वामित्व भएका संस्था भएकाले आवश्यकताका आधारमा नै स्थापना भएका हुन् ।

**कोषले लगानी विविधीकरण गर्न सकेन भन्ने कुरामा यहाँ के भन्नुहुन्छ ?**

कोषमा योगदान गर्नुहुने सहभागीको पैसालाई कोषले लगानी गर्दा सतर्कताका साथ जोखिम रहित ढङ्गले लगानी गर्नु पर्दछ । यसरी गरिने लगानीबाट उचित प्रतिफल समेत प्राप्त हुने गरी लगानी गर्नुपर्दछ । कोषका सहभागीहरु राष्ट्रसेवक कर्मचारी, सङ्घसंस्थामा काम गर्ने कर्मचारीहरु क्रमिक रुपमा अवकाश हुँदै जानुहुन्छ । अवकाश कोष सञ्चालन गर्ने संस्थाले उहाँहरुलाई नियमित रुपमा भुक्तानी गर्ने गरी तरलताको व्यवस्थापन पनि गर्नुपर्दछ । यो भन्नाले मुद्धती निक्षेपमा धेरै रकम राख्नुपर्छ भन्ने पनि होइन । तर, मुद्दती निक्षेप पनि आवश्यक भएको क्षेत्र हो । कोष सामु लगानीलाई थप विविधिकरण गर्नु पर्ने चुनौतीहरु रहेको छ । हाल औसतमा ५२ प्रतिशत जति रकम मुद्दती निक्षेपमा रहेको छ । यसलाई विविधीकरण गर्नेतर्फ कोषले योजना बनाई कार्य अघि बढाएको छ । खासगरी सरकारी पूर्वाधार निर्माणको क्षेत्रमा लगानी बढाउन आवश्यक नीतिगत सुधारका लागि कार्य भइरहेको छ । यसैगरी विशिष्टीकृत कोष र पुँजी बजारमा लगानी बढाउन कोष लागि परेको छ । अर्थात् कोषले लगानी विविधीकरणलाई उच्च प्राथमिकतामा राखेको छ ।

**कुन क्षेत्रमा लगानी गर्ने सोच्नुभएको छ ?**

कोषले लगानी विविधीकरणलाई मूल एजेन्डाका रुपमा अगाडि सारेको छ । यही अनुसार वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरेर कोष अगाडि बढेको छ । विविधीकरणको क्षेत्र पहिचान गर्ने क्रममा सरकारको प्राथमिकतामा रहेको पूर्वाधार निर्माणको क्षेत्रमा लगानी बढाइने छ । नेपालको परिवेशमा हेर्दा हाल जलविद्युत्को क्षेत्र नै सबैभन्दा प्रमुख प्राथमिकता भएको र राम्रो भविष्य भएको क्षेत्र रहेकाले यसतर्फ लगानी विस्तार गर्ने सोचाइ छ । अहिले पनि विभिन्न जलविद्युत् आयोजनामा लगानी गर्ने सन्दर्भमा द्विपक्षीय छलफल र वार्ता अगाडि बढिरहेको छ । यसैगरी, कृषि क्षेत्रमा के कसरी लगानी अभिवृद्धि गर्न सकिन्छ भन्नेतर्फ समेत अध्ययन भइरहेको छ । विशिष्टीकृत फन्डमार्फत विभिन्न उत्पादनशील क्षेत्रमा लगानी विस्तारका लागि नीतिगत व्यवस्था गर्न आवश्यक देखिएको र उक्त दिशामा समेत कार्य भइरहेको छ ।

'प्राइभेट इक्विटी फन्ड'तर्फ जाने सम्बन्धमा पनि कोषले छलफल अगाडि बढाएको छ । लगानी विविधीकरणका सन्दर्भमा लगानी कोष ऐनले कोषलाई क्यापिटल मार्केटमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने संस्थाका रुपमा समेत राखेको हुँदा कोषको सहायक कम्पनीका रुपमा नागरिक 'स्टक डिलर' सञ्चालनमा रहेको छ । उक्त स्टक डिलर पुँजी बजारमा सक्रिय रहेको छ । यो पनि कोषको एउटा लगानीको पाटो जस्तै रहेको छ । यसको अलावा पुँजी बजारमा सक्रिय भूमिका बढाउने, पुँजी बजारतर्फ लगानीलाई उल्लेखनीय बढाउने सोचाइसमेत कोषको रहेको छ ।

**कोषलाई सेवाग्राहीले कसरी लिने ?**

सेवाग्राहीले कोषलाई जसरी विश्वास गर्नुभएको छ, कोषले पनि सुरक्षित लगानीमार्फत उच्च प्रतिफल दिने प्रतिबद्धता व्यक्त गर्दछ । सहभागीले मिहेनत गरेर कमाएको पैसालाई कोषले सुरक्षित लगानी गर्छ । सहभागीहरुलाई अन्य किसिमका सेवासुविधा दिने, ब्याजदरको अलावा बोनस÷प्रतिफल दिने कार्य पनि कोषले गरिरहेको छ । सहभागीहरुलाई बीमा, औषधोपचार लगायतको सुविधा दिनेतर्फ कोषले काम गर्नेछ । कोषप्रति विश्वास गर्न र कोषका विभिन्न योजना कार्यक्रमहरुमा सहभागी हुन सबैलाई आग्रह गर्न चाहन्छु । राष्ट्रसेवक कर्मचारीहरु तथा अन्य सङ्घसंस्थाका कर्मचारीहरुका लागि सञ्चालन गरिएका कार्यक्रमहरुका अतिरिक्त आम नेपाली नागरिक विशेषतः वैदेशिक रोजगारीमा जानु भएका दाजुभाइ दिदीबहिनीहरुलाई समेत लक्षित गरेर कोषले नागरिक पेन्सन योजना सञ्चालनमा ल्याएको छ ।

**अन्त्यमा के भन्न चाहनुहुन्छ ?**

नागरिक लगानी कोषले सहभागीहरुको अवकाश जीवनलाई सहज बनाउन वित्तीय स्रोतको लागि विभिन्न अवकाश योजनाहरु सञ्चालनमा ल्याएको छ । यसै सिलसिलामा सरकारी, गैरसरकारी सङ्घसंस्थामा कार्यरत धेरैजसो कर्मचारीहरुले कोषको योजनामा सहभागिता जनाइसक्नु भएको छ । कोषले स्वरोजगारमा रहेका, वैदेशिक रोजगारमा रहेका, एवं कृषि पेसामा रहनुभएका आम नागरिकलाई समेत लक्षित गरी नागरिक पेन्सन योजना सञ्चालनमा ल्याएको छ । यस योजनामा सहभागी भई सक्रिय उमेरमा कमाएको केही रकमलाई पेन्सन योजनामा लगानी गरेर अवकाश जीवनलाई सुरक्षित बनाउन सबैमा अनुरोध गर्दछु । यसैगरी, नागरिक लगानी कोषले आफ्ना सेवाग्राहीलाई सरल र सहज तरिकाले सेवा प्रदान गर्ने र सहभागीहरुलाई उचित प्रतिफल दिने हुनाले नागरिक लगानी कोषप्रति विश्वास गर्दै यसका योजनाहरुमा सहभागी हुन सबैमा पुनः आग्रह गर्न चाहन्छु । रासस

# जलवायु अनुकूलन सम्मेलन सम्पन्न



**मधेशदृष्टि**
**महोत्तरी ।**
बर्दिवासमा आयोजित स्थानीय नेतृत्वमा आधारित जलवायु अनुकूलन छैटौँ राष्ट्रिय सम्मेलन पाँचबुँदे घोषणापत्र र नौ बुँदे अपिल जारी गर्दै मङ्गलबार साँझ सम्पन्न भएको छ । विश्वव्यापी जलवायु परिवर्तनका कारण जोखिममा परेका समुदायको अधिकार र आवश्यकतामा आधारित समतामूलक नीति र कार्यका लागि सम्मेलनले जलवायु न्यायको वकालत गरेको छ । जारी घोषणापत्रमा मुलुकका सबै भूभागमा जलवायु परिवर्तनको असरले बढ्दो जोखिमप्रति चिन्ता व्यक्त गरिएको छ । सम्मेलनले कार्बन उत्सर्जन न्यूनीकरणको लक्ष्य प्राप्त गर्न जलवायु अनुकूलनका कार्यक्रमलाई प्राथमिकतामा राख्न जोड दिएको छ । जलवायु परिवर्तनको असरले सबैभन्दा बढी जोखिममा परेका व्यक्ति र समुदायको जीवन र जीविकोपार्जनको सुरक्षा गर्न अहिलेसम्मका प्रयत्न अपर्याप्त रहेको ठहर गर्दै सम्मेलनले यस दिशामा राज्यका निकायको विशेष पहलकदमीको माग गरेको छ । यसैगरी जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धीअन्तर्गत अनुकूलनका लागि भइरहेका प्रयत्न र वार्ताहरु महत्वपूर्ण हुने सम्मेलनको ठहर छ । जलवायु अनुकूलन सिकाइ अभ्यास गरिरहेका किसान समूहहरु, यस क्षेत्रमा कार्यरत सामाजिक सङ्घसंस्थाहरु र स्थानीय तहका जनप्रतिनिधि सम्मिलित सम्मेलनको मङ्गलबार बिहान मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले उद्घाटन गरेका थिए । मुख्यमन्त्री सिंहले जलवायु अनुकूलनको अभ्यासलाई जीवन पद्धतिसँग जोड्न अपरिहार्य भएकामा जोड दिए । सम्मेलनले मुलुकमा जलवायु अनुकूलन कार्यक्रमको विस्तारका लागि यससम्बन्धी अभ्यास मानिस केन्द्रित र जलवायु न्यायको सिद्धान्तका आधारमा अवलम्बन गर्न सम्बद्ध सबैपक्षलाई आग्रह गर्दै नौबुँदे अपिल जारी गरेको छ । जसमा जलवायु सङ्कटभित्र गरिबी र असमानतासम्बन्धी चुनौती समाधान गर्न अनुकूलन कार्यक्रम हस्तक्षेपकारी हुनुपर्ने उल्लेख छ । खासगरी यससम्बन्धी नीति आधारभूत तहका जनतालाई हेरेर बनाइन सम्बद्धपक्षको ध्यानाकर्षण गराइएको छ । सम्मेलनका सहभागीले जलवायु अनुकूलन कार्यक्रमको प्रभावकारिताका लागि चुरे संरक्षणका स्पष्ट खाकासहितको मार्गचित्र आवश्यक रहेको सुझाएका छन् । सम्मेलनमा जलवायु अनुकूलनसँग जोडिएका गरिबी र असमानतालाई सम्बोधन गर्न अनुकूलन क्रियाकलापको प्रभावकारिता, अनुकूलन क्रियाकलापलाई बढावा दिन नीतिगत वातावरण निर्माण र स्थानीय अनुकूलन क्रियाकलापको विश्वव्यापी लक्ष्यसँग सम्बन्धबारे छुट्टाछुट्टै कार्यपत्रमाथि सघन छलफल गरिएको थियो । सत्रमा अध्येता तथा विज्ञहरु जगदीश भट्ट, सुमन चापागाईं र सोहनलाल श्रेष्ठले कार्यपत्र प्रस्तुत गरेका थिए । प्रस्तुत कार्यपत्रमाथि जलवायु विज्ञ अजय दीक्षित र प्रवीणमान सिंहसहितले टिप्पणी गर्दै थप सुझाव दिए । सम्मेलन जलवायु परिवर्तनका असर र अनुकूलनका प्रयत्नबारे बुझ्न निकै सहयोगी भएको धनुषाको मिथिला नगरपालिकाका उपप्रमुख सुनितासिंह बुढाथोकीले बताइन् । सम्मेलन जलवायु अनुकूलन अभ्यास र वातावरण क्षेत्रमा लामो समयदेखि काम गर्दै आएका १४ सामाजिक सङ्घसंस्थाले संयुक्त रुपमा आयोजना गरेका हुन् ।

# सुपारी, केराउ र मरिच आयात खुला



**मधेशदृष्टि**
**वीरगंज ।**
सरकारले औद्योगिक प्रयोजनका लागि सुपारी, केराउ र मरिच आयात खुला गरेको छ । सोमबार राजपत्रमा सूचना प्रकाशित गर्दै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले उत्पादनमूलक उद्योगलाई औद्योगिक प्रयोजनका लागि आवश्यक कच्चा पदार्थ सुपारी, केराउ र मरिच पैठारी व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि २०७८ का प्रक्रिया पूरा गरी आयात गर्न पाउने गरी आयात खुला गरेको जनाएको छ ।

मन्त्रालयका सचिव गोविन्दबहादुर कार्कीका अनुसार आर्थिक वर्ष २०८१-८२ का लागि औद्योगिक प्रयोजनका लागि केराउ, सुपारी र सेतो तथा कालो मरिच आयात प्रतिबन्ध हटाइएको हो । सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन २०१३ अनुसार यस्ता वस्तु पैठारीमा बन्देज लगाएको छ । यस्तो बन्देज चैत २०७६ मा लगाइएको हो । सरकारले सूचनामा कुन वस्तुको कति परिमाण आयात गर्न दिने भन्नेबारे खुलाइएको छैन । यसले औद्योगिक प्रयोजनका नाममा पुनः तस्करी बढ्ने सम्भावना समेत रहने छ । इन्डोनेसिया, मलेसिया, क्यानडा लगायत तेस्रो मुलुकबाट नेपालमा सुपारी तथा केराउ लगायत वस्तु आयात हुन्छन् । यहाँबाट तस्करी भई भारतीय बजार पुग्ने गरेसँगै त्यसबेला सरकारले आयातमा बन्देज लगाएको थियो । यसले नेपाली किसानको उत्पादनले बजार नपाउने र सरकारले समेत राजस्व गुमाउने अवस्था आउने गरेको छ ।

# वडाध्यक्षको हत्यामा संलग्न आरोपमा दुई जना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
महोत्तरीको रामगोपालपुरका वडाध्यक्षको हत्यामा संलग्न भएको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ ।

बर्दिबासबाट रामगोपालपुरतर्फ मोटरसाइकलमा आउने क्रममा ९ भदौमा रामगोपालपुर नगरपालिका–२ का वडाध्यक्ष मुकेश यादवको रहत्यमय अवस्थामा शव फेला परेको थियो । प्रहरीले औरही नगरपालिका –७ भोइल टिमकियाका संजिव झा र दिलिप मण्डललाई पक्राउ गरेको हो ।

वडाध्यक्ष यादवको रहस्यमय मृत्युमा संलग्न दुई जनालाई पक्राउ गरी कर्तव्य ज्यान मुद्दा दर्ता गरी अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक सन्तु लाल प्रसाद जैसवारले बताए । पक्राउ परेका दुवै जनालाई थप अनुसन्धानका लागि कर्तव्य ज्यान मुद्दामा म्याद थप गर्न जिल्ला अदालतमा पेश गरिएको छ । यादवको हत्या वा दुर्घटनामा मृत्यु भन्ने विषयमा जिल्लामा सरोकारवालाबीच मत विभाजित छ । जिल्लाका वडाध्यक्षहरूले यादवको हत्या भएको दाबी गर्दै कारबाहीका लागि माग गर्दै आएका छन् । वडाध्यक्ष यादवको मृत्युबारे सीआइबीले समेत अनुसन्धान गरिरहेको छ ।

# डुबेर बेपत्ता भएकी बालिकाको शव फेला

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको धनुषाधाममा रहेको पोखरीमा डुबेर बेपत्ता भएकी बालिकाको शव बुधबार बिहान फेला परेको छ । धनुषाधाम नगरपालिका वडा न–३ मा रहेको पोखरीमा बिकाउ मण्डलका १३ वर्षीया छोरी चन्द्रिका मण्डल मङ्गलवार नुहाउने क्रममा डुबेर बेपत्ता भएकोमा प्रहरीले खोज्दा पनि फेला नपरेपछि बुधबार आफै पानीमा तैरिरहेको अवस्थामा शव फेला परेको धनुषाका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक रञ्जन अवाले जानकारी दिए । प्रहरीले डुबेको बालिकालाई मंगलबार दिउँसोदेखि नै खोजीकार्य गरेपनि साँझसम्म फेला पार्न सकेका थिएनन् । घटना विषयमा थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । मधेश प्रदेशका जिल्लाहरूमा गर्मी छल्न तथा चाडपर्वमा पोखरीमा नुहाउनका लागि जाने मध्ये दर्जनौँको संख्यामा वर्ष भरिमा बालबालिकाहरूको डुबेर मृत्यु हुने गरेको छ ।




# नागरिक सुरक्षामा कुनै सम्झौता नगर्न डीआईजी आचार्यको निर्देशन

**सञ्जय मिश्रा**
**रौतहट ।**
मधेश प्रदेश प्रहरी प्रमुख डीआईजी लालमणि आचार्यले नागरिकको सुरक्षामा कुनै सम्झौता नगर्न निर्देशन दिएका छन् ।

उनले जस्तोसुकै विषम परिस्थितिमा पनि नागरिकको सुरक्षामा कुनै कमी नगर्न निर्देशन दिएका छन् । प्रदेश प्रमुखको जिम्मेवारी सम्हाले पछि पहिलो पटक जिल्ला तर्फ पुगेका डीआईजी आचार्यले जिल्ला प्रहरी कार्यालय रौतहटको अनुगमन निरीक्षण पछि एसपी दिलिप घिमिरे सहित उपस्थित जिल्लाका सम्पूर्ण यूनिट प्रमुखहरुलाई उक्त निर्देशन दिएका हुन् । जुन अवस्थामा पनि विचलति नभई समाजमा शान्ति सुरक्षा प्रदान गर्नु पर्ने निर्देशन दिएका छन् । नागरिकको अमचयनको निमित अहोरात्र खटिरहनु नेपाल प्रहरी संगठनको मूल मन्त्र रहेकाले कुनै पनि प्रहरी कर्मचारी आफ्नो कर्तव्यबाट बिमुख नभई नागरिक मैत्री सेवा प्रवाह गर्न जोड दिएका थिए ।



प्रहरी संगठनले अंगिकार गरेका नीति, कार्ययोजना तथा प्राथमिकताहरुलाई दृढताका साथ कार्यान्वयन गरि नतिजामुलक प्रहरी सेवा प्रवाह गर्न गराउन उनले निर्देशन दिएका छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाको थुनुवा कोठाको भेटीलेटर फोडेर थुनुवाहरु फरार भएको घटना स्मरण गर्दै डिआईजी आचार्यले हिरासतको अवस्था थुनुवाहरुको सुरक्षालाई बिशेष प्राथमिकतामा राख्न निर्देशन दिएका छन् ।

आउनै लागेको वडा दशैं, तिहार, छठ जस्ता चाडँ पर्वको समय शान्ती सुरक्षा कायम राख्न निर्देशन दिएका छन् । उनले दिपावलीको समय राजधानी काठमाडौंसम्म अबैध तरिकाले भारतबाट पटाखा जानेगरेको हुँदा सीमाक्षेत्र बाट पटखा ल्याउनेकाम पूर्ण नियन्त्रण गर्न निर्देशन दिएका छन् ।

सिंगो मधेश प्रदेश चोरी तस्करीमा बदनाम भएकाले त्यसको नियन्त्रणसँगै आपराधिक क्रियाकलाप न्यून गर्न कडाई साथ निर्देशन दिएको डीआईजी लालमणि आचार्यले जानकारी दिएका छन् । निरीक्षणको क्रममा जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एसपी दिलीप घिमिरेले डीआईजी आचार्य समक्ष जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्था, प्रहरी परिचालन र भईरहेका विविध गतिविधिहरु लगायतका विषयमा जानकारी गराएका थिए ।

प्रदेश प्रहरी कार्यालय मातहतका प्रहरी कार्यलयहरुबाट सम्पादन हुने सेवा, अपराध नियन्त्रण एवं अनुसन्धान, शान्ति सुरक्षाको अवस्था, समस्या तथा चुनौती लगायत प्रहरीले गरेका विभिन्न गतिविधिहरु समेतको निरीक्षण गरि प्रहरी सेवा प्रवाहलाई थप प्रभावकारी एवं समय सान्दर्भिक बनाउन डिआइजी आचार्यले जिल्ला प्रहरी कार्यालय रौतहट अघि बुधवार जिल्ला प्रहरी कार्यालय बाराको निरिक्षण संगै त्यहाँका सम्पूर्ण प्रहरी प्रमुखलाई निर्देशन दिएका थिए ।

# साईकल सहित अबैध सालको काठ बरामद



**मधेशदृष्टि**
**रौतहट ।**
पुर्व पश्चिम राजमार्गसँग जोडिएको रौतहटको चन्द्रपुर स्थित प्रहरीले अबैध सालको काठ बरामद गरेको छ । ईलाका प्रहरी कार्यालय चन्द्रिगाहपुरबाट सई जोगेन्द्र चौधरीको कमाण्डमा गएको गस्ती टोलीले मंगलबार साँझ चन्द्रपुर ४ जंगल टोल स्थित अबैध रुपमा जंगलबाट चोरी निकासी गरी ४ वटा साईकलमा १२ वटा सालको फल्ली ल्याउदै गरेको अवस्थामा बरामद गरेको हो ।

प्रहरीको गाडि मोबाईल टोलीलाईदेखि साईकल र काठ छाडी मानिसहरु फरार भएको ईलाका प्रहरी कार्यालय चन्द्रिगाहपुरका प्रमुख डिएसपी राजकुमार राईले बताएका छन् । बरामद २० क्युफिट भन्दा बढी काठ र साईकल नियन्त्रणमा मानिसहरु खोजी तथा थप बुझ्ने कार्य भईरहेको र काठ, साईकल आवश्यक कारवाहीको लागि डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरमा बुझाईएको प्रहरीले जनाएको छ ।

# बाबुको हत्या अभियोग छोरा पक्राउ

**मधेशदृष्टि**
**सिराहा ।**
आफ्ना बाबुको हत्या अभियोगमा औरही गाउँपालिका–३ खजनपुरका शैलेन्द्रकुमार यादवलाई प्रहरीले हिरासतमा लिएको छ । उनीमाथि ६५ वर्षीय पिता भालेश्वर यादवलाई कुटपिट गरी हत्या गरेको अभियोग लागेको छ ।

छोरा शैलेन्द्र र उनकी श्रीमती ३५ वर्षीया रेणुकुमारी यादवले घरायसी विवादका क्रममा बुबामाथि निर्घात कुटपिट गरेका जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी मुक्तिनाथ सापकोटाले जानकारी दिए । गम्भीर घाइते भालेश्वरको प्रादेशिक अस्पताल सिरहामा प्राथमिक उपचारपछि थप उपचारका लागि विराटनगरस्थित नोबेल अस्पताल लैजाने क्रममा राति ११:४० बजे बाटोमै मृत्यु भएको डिएसपी सापकोटाले बताए । कुटपिट लगतै प्रहरी चौकी औरहीबाट गएको टोलीले छोरा शैलेन्द्र यादवलाई नियन्त्रणमा लिइएको छ ।

मृतक भालेश्वर यादवको शव मंगलबार पोष्टमार्टमपछि उनका अर्का छोरा रामप्रताप यादवलाई जिम्मा लगाइएको छ । पक्राउ परेका छोरा शैलेन्द्रमाथि कर्तव्य ज्यान मुद्दामा सिरहा जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन